# नीति अनुसन्धान बुलेटिन

नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute

नीअप्र प्रकाशन सङ्ख्या १२६

माघ १, २०८२ - असार ३२, २०८३ (वर्ष ६, अङ्क २)

## बुलेटिनभित्र

| | पृष्ठ |
|---|---|
| नीति अनुसन्धान प्रतिष्ठान परिचय | २ |
| सम्पन्न भएका अध्ययन-अनुसन्धान | ५ |
| चालु अध्ययनहरू | १० |
| नीति सिफारिस | १२ |
| नीति प्रयोगशालाको निर्देशक समितिको बैठकमा उपस्थित भई दिइएका नीति सुझावहरू | १५ |
| सार्वजनिक नीति संवाद | १६ |
| सहकार्य, समन्वय तथा तालिम | २५ |
| संस्थागत विकास, विस्तार र प्रसार | ३७ |



*अक्सफोर्ड डिप्लोम्याटिक सोसाइटीका प्रतिनिधिहरूसँगको अन्तरक्रियापश्चात् लिइएको सामूहिक तस्बिर*

## प्रतिष्ठानको भनाइ

यस अङ्कमा २०८२ माघ १ देखि २०८३ असार ३२ गतेसम्म प्रतिष्ठानले सम्पन्न गरेका प्रमुख गतिविधि तथा कार्यहरूको सङ्क्षिप्त जानकारीहरू छन् । यस अवधिमा प्रतिष्ठानले अनुसन्धान प्रतिवेदन, सोचपत्र र नीति समीक्षा प्रतिवेदन प्रकाशन गर्नुका साथै विभिन्न नीति र कानुनका मस्यौदामाथि सुझाव दिन ११ वटा नीति संवाद र चार वटा नीति प्रवचन आयोजना गरेको छ । साथै, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत सञ्चालित नीति प्रयोगशालामा सहभागी भई विभिन्न मस्यौदा नीतिहरूमा सुझाव प्रस्तुत पनि गरेको छ ।

यस अवधिमा प्रतिष्ठान र चीनको चाइनीज एकेडेमी अफ सोसियल साइन्सेज अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजिजका प्रतिनिधिहरूबिच नेपाल-चीन सम्बन्धका परराष्ट्र नीतिका प्राथमिकता र भविष्यमा विस्तार गर्न सकिने साझेदारीका क्षेत्रबारे विचार आदानप्रदान गरिएको छ । त्यस्तै, अक्सफोर्ड डिप्लोम्याटिक सोसाइटीका प्रतिनिधिहरूसँग नेपालको सार्वजनिक नीति सम्बन्धमा अन्तरक्रिया कार्यक्रम पनि आयोजना गरिएको छ ।

सम्पन्न भएका विभिन्न गतिविधि र प्राप्त उपलब्धिहरू सम्बन्धित सबै पक्षको सहकार्य र समन्वयको परिणाम हुन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विभिन्न मन्त्रालय, प्राज्ञिक संस्था तथा प्रतिष्ठानका अनुसन्धानकर्ता र कर्मचारीलगायत सरोकारवालाबाट प्राप्त निरन्तर सहयोगले यी कार्यहरूलाई प्रभावकारी रूपमा अघि बढाउन योगदान पुर्‍याएको छ । प्रतिष्ठान यस सहकार्य र सहयोगका लागि सम्बन्धित सबैप्रति हार्दिक आभार व्यक्त गर्दछ ।

लक्ष्मण प्रसाद भट्टराई
कार्यकारी निर्देशक

## नयाँ प्रकाशन (छापा)






*नीति अनुसन्धान प्रतिष्ठान र चीनको चाइनीज एकेडेमी अफ सोसियल साइन्सेज अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजिजका प्रतिनिधिहरूबिच अन्तरक्रिया*



*राष्ट्रिय हवाई नीतिको मस्यौदा, २०८३ मा पृष्ठपोषणका लागि सरोकारवालाहरूसँग नीति संवाद*

## सम्पर्क

**नीति अनुसन्धान प्रतिष्ठान**
नारायणहिटी, काठमाडौं, नेपाल
वेबसाइट: www.pri.gov.np
इमेल: info@pri.gov.np
फोन: ९७७-१-४५३०५१७/४५३४९७९

**सूचना अधिकारी**
कृष्ण प्रसाद वि.क.
फोन: ९७७-१-४५३०५१७
इमेल: kpbk@pri.gov.np

# नीति अनुसन्धान प्रतिष्ठान परिचय

नीति अनुसन्धान प्रतिष्ठान नेपाल सरकारको नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश २०७५ बमोजिम आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक क्षेत्रका विविध विषयहरू जस्तैः विकास, निर्माण, सुरक्षा, परराष्ट्र सम्बन्ध तथा शासकीय सुधार लगायत विविध पक्षमा नेपाल सरकारले अपनाउने वा अपनाएको नीतिको अध्ययन, विश्लेषण र अनुसन्धान गरी गर्नुपर्ने सुधारको सम्बन्धमा नेपाल सरकारलाई नीति सिफारिस गर्न गठन गरिएको थिङ्क ट्याङ्क (Think Tank) हो।

नीति अनुसन्धान गरी नेपाल सरकारलाई सुझाव दिनु प्रतिष्ठानको कार्यादेश हो। यसले विश्वविद्यालय र अनुसन्धान गर्ने संघसंस्था लगायत परामर्शदाता र प्रतिष्ठानको आफ्नै अनुसन्धान समूहको माध्यमबाट काम गर्दछ र प्राप्त नतिजाहरू सरकार र अन्य सम्बन्धित सरोकारवालाहरूसमक्ष प्रस्तुत गर्दछ। अनुसन्धान प्रयोजनका लागि प्रतिष्ठानले आफ्ना कार्यादेशभित्र पर्ने क्षेत्रलाई विभिन्न समूहमा वर्गीकरण गरी काम गर्दै आएको छ।

आफ्ना काम प्रभावकारी, छिटोछरितो र विशिष्टीकृत बनाउने उद्देश्यले प्रतिष्ठानले केही आन्तरिक नीति तथा निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याएको छ भने अन्य केही निर्माणाधीन छन्।

नीति अनुसन्धान प्रतिष्ठानको दूरदृष्टि, ध्येय र लक्ष्य निम्नानुसार छन्ः

### दूरदृष्टि

नीति अनुसन्धान प्रतिष्ठानको दूरदृष्टि "राष्ट्रिय समृद्धिको लागि प्रभावकारी र उत्तरदायी सार्वजनिक नीति तर्जुमाको लागि योगदान पुऱ्याउनु" हुनेछ।

### ध्येय

नीति अनुसन्धान प्रतिष्ठानलाई प्रमाणमा आधारित (सुसूचित) नीति निर्माणमा अब्बल संस्थाको रूपमा स्थापित गर्नु यसको ध्येय हुनेछ।

### लक्ष्य

नीति अनुसन्धान प्रतिष्ठानको रणनीतिक उद्देश्य सार्वजनिक नीतिका लागि विश्वसनीय, तथ्यमा आधारित तथा परिवर्तनकारी ज्ञान सिर्जना गर्नु हुनेछ।

### मूल मान्यताहरू

**गुणस्तरीयताः** नीति अनुसन्धान प्रतिष्ठानले प्रतिष्ठानका कर्मचारी तथा शोधकर्ताहरूले तयार गर्ने शोधकार्यहरू एवम् अन्य विज्ञहरू मार्फत सम्पन्न गरिने सामग्रीहरू तथा प्राप्त हुने सेवाहरूमा गुणस्तरीयता कायम हुनेगरी कार्य गर्दछ।

**वस्तुपरकताः** कुनै मुद्दा, विचार र विषयवस्तुलाई प्रमाणहरूको कसीमा राखेर आलोचनात्मक ढङ्गले हेर्ने प्रतिष्ठानको अभ्यास रहँदै आएको छ। व्यक्तिगत पूर्वाग्रह तथा भावनात्मक अनुभूतिका कारण वस्तुपरकता कायम हुन नसक्ने अवस्था आउन नदिन प्रतिष्ठान सजग रहन्छ।

**सत्यनिष्ठाः** प्रतिष्ठान आपसी सम्मान र सहयोग, इमानदारी र सत्यताजस्ता आधारभूत नैतिक सिद्धान्तहरूप्रति प्रतिबद्ध रहँदैआएको छ। संस्थागत व्यावसायिकता कायम गर्ने, समूहगत कार्य र द्वन्द्व व्यवस्थापनमा जोड दिने तथा कृपावाद र स्वार्थको टकरावजस्ता विषयलाई रोक्ने सन्दर्भमा नीति अनुसन्धान प्रतिष्ठानले सत्यनिष्ठाको दृढतापूर्वक पालना गर्दछ।

**विविधताः** फरक सिद्धान्त, ज्ञान, अनुभव, संस्कृति, जातीयता, लिङ्ग, धर्म तथा शारीरिक क्षमताको सम्मान गर्दै र समावेशी कार्य वातावरण निर्माण गर्नेतर्फ प्रतिष्ठान कार्यरत छ। यस प्रयोजनका लागि आवश्यक पूर्वाधार निर्माणमा प्रतिष्ठान इमानदारीका साथ योग्यतामा आधारित प्रणालीको अभ्यासमा प्रयत्नशील रहन्छ।

**पारदर्शिताः** नीति अनुसन्धान प्रतिष्ठानका क्रियाकलापहरू पारदर्शी रहन्छन्। पारदर्शिताले आफ्ना कामहरू र सोबाट प्राप्त नतिजाहरूबारे आमजनतालाई सुसूचित गराउनुका साथै उनीहरूलाई नीति अनुसन्धान प्रतिष्ठानसम्बन्धी उपयोगी सूचना खोज्न र प्राप्त गर्न प्रोत्साहित गर्दछ भन्ने मान्यतामा प्रतिष्ठानको विश्वास रहेको छ।

**जवाफदेहिताः** प्रतिष्ठानका क्रियाकलापहरू जवाफदेहितामा आधारित रहन्छन्। आफ्ना अनुसन्धानकर्ता तथा कर्मचारीहरू उनीहरूका कामप्रति जवाफदेही रही कार्य गर्ने वातावरण कायम गर्नुपर्ने विषयमा प्रतिष्ठान अत्यन्त सजग रही कार्यरत छ। आफ्ना स्रोत-साधनहरूको विवेकशील, मितव्ययी र प्रभावकारी प्रयोगको लागि प्रतिष्ठानले सम्भव भएसम्म आवश्यक सबै उपायहरूको अवलम्बन गर्दछ।

**सहभागिताः** नीति अनुसन्धान प्रतिष्ठानले आफ्ना कार्यहरूलाई विभिन्न उपाय र विचारहरू मार्फत थप गहन बनाउन सम्बन्धित सरोकारवालाहरूको सहभागितालाई विशेष महत्त्व प्रदान गर्दछ । अध्ययन अनुसन्धानमा रहेका कुनै पनि विषयवस्तु वा मुद्दाको बारेमा पूर्ण जानकारी प्राप्त गर्न र सम्बन्धित विषयमा जतिसक्दो धेरै क्षेत्रहरूबाट अधिकतम सुझाव सङ्कलन गर्न सरोकारवालाहरूको सहभागिता आवश्यक पर्ने विषयलाई प्रतिष्ठानले आत्मसात् गर्दछ ।

## नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ मा संशोधन

नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५ (यसपछि मूल आदेश भनिएको) लाई नेपाल सरकारले मिति २०८३ असार ३२ गते विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी संशोधन आदेश जारी गरेको छ । संशोधनपछि यस आदेशको नाम "नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३" रहेको छ । संशोधित दफा र प्रावधानहरू निम्नानुसार रहेका छन् ।

| संशोधित दफा | संशोधित प्रावधान |
|---|---|
| २ | • मूल आदेशको खण्ड (क) मा रहेको "कार्यकारी" भन्ने शब्द झिकिएको<br>• खण्ड (ख) को ठाउँमा रहेका "कार्यालय प्रबन्धक" भन्ने शब्दहरूको सट्टा "कार्यकारी निर्देशक" भन्ने शब्दहरू राखिएको |
| ३ | • उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोः<br>उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्य रहने<br>(क) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष - अध्यक्ष<br>(ख) राष्ट्रिय योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्य - सदस्य<br>(ग) त्रिभुवन विश्वविद्यालयको उपकुलपति - सदस्य<br>(घ) अध्ययन, अनुसन्धानमा संलग्न विज्ञहरूमध्येबाट नेपाल सरकारले मनोनीत गरेको कम्तीमा एकजना महिलासहित दुईजना - सदस्य<br>• उपदफा (३) मा रहेका "उपदफा (२) बमोजिम सदस्य नियुक्ति गर्दा" भन्ने शब्दहरूको सट्टा "उपदफा (२) को खण्ड (घ) बमोजिम सदस्य मनोनयन गर्दा" भन्ने शब्दहरू राखिएको ।<br>• उपदफा (४) मा रहेका "उपदफा (२) बमोजिम नियुक्त" भन्ने शब्दहरूको सट्टा "उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनीत" भन्ने शब्दहरू राखिएको ।<br>• उपदफा (५) मा रहेका "कुनै सदस्यको" भन्ने शब्दहरूको सट्टा "उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनीत सदस्यको" भन्ने शब्दहरू राखिएको ।<br>• उपदफा (६) मा रहेका "कार्यालय प्रबन्धकले" भन्ने शब्दहरूको सट्टा "कार्यकारी निर्देशकले" भन्ने शब्दहरू राखिएको । |
| ४ | • उपदफा (१) मा रहेका "सदस्य पदमा नियुक्ति" भन्ने शब्दहरूको सट्टा "दफा ३ को उपदफा (२) को खण्ड (घ) बमोजिमको सदस्य पदमा मनोनीत" भन्ने शब्दहरू राखिएको ।<br>• उपदफा (२) मा रहेका "सदस्य पदमा नियुक्त" भन्ने शब्दहरूको सट्टा "दफा ३ को उपदफा (२) को खण्ड (घ) बमोजिमको सदस्य पदमा मनोनीत" भन्ने शब्दहरू राखिएको । |
| ५ | • उपदफा (१) मा रहेको "सदस्यको" भन्ने शब्दको सट्टा "दफा ३ को उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनीत सदस्यको" भन्ने शब्दहरू राखिएको ।<br>• उपदफा (२) मा रहेको "नियुक्ति" भन्ने शब्दको सट्टा "मनोनयन" भन्ने शब्द राखिएको । |
| ७ | • उपदफा (२) मा रहेका "कार्यालय प्रबन्धकले" भन्ने शब्दहरूको सट्टा "कार्यकारी निर्देशकले" भन्ने शब्दहरू राखिएको ।<br>• उपदफा (४) मा रहेका "उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको" भन्ने शब्दहरूको सट्टा "अध्यक्षले तोकेको कुनै" भन्ने शब्दहरू राखिएको ।<br>• उपदफा (६) मा रहेका "वरिष्ठ अधिकृत" भन्ने शब्दहरूको सट्टा "सचिव वा अन्य वरिष्ठ अधिकृत" भन्ने शब्दहरू राखिएको । |

| संशोधित दफा | संशोधित प्रावधान |
|---|---|
| ८ | कार्यकारी निर्देशकः<br>• समितिको कार्यालय सञ्चालन र व्यवस्थापन गर्न र समितिको कार्यसम्पादनमा अध्यक्ष तथा समितिका सदस्यलाई सहयोग गर्न अर्थशास्त्र, इन्जिनियरिङ, व्यवस्थापन, वाणिज्यशास्त्र, इतिहास, संस्कृति, भूगोल, कानुन वा अन्तर्राष्ट्रिय सम्बन्धजस्ता विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएका व्यक्तिहरूमध्येबाट समितिले एकजना कार्यकारी निर्देशक नियुक्त गर्ने।<br>• कार्यकारी निर्देशकको छनौट विधि तथा नियुक्तिसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुने।<br>• उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नहुँदासम्मको लागि यो आदेश जारी हुनुअघि कार्यरत कार्यालय प्रबन्धकले कार्यकारी निर्देशकको रूपमा काम गर्ने।<br>• कार्यकारी निर्देशकको पदावधि तीन वर्षको हुने र निज पुनः एकपटक नियुक्त हुन सक्ने।<br>• उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकको काम सन्तोषजनक नभएमा समितिले निजको पदावधि पूरा नहुँदै पदबाट हटाउन सक्ने। तर, त्यसरी पदबाट हटाउनुअघि निजलाई सफाइ पेस गर्ने मनासिब मौकाबाट वञ्चित नगरिने।<br>• कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका सर्त तथा सुविधा तोकिएबमोजिम हुने।<br>• अध्यक्षको निर्देशनमा कार्यालयको व्यवस्थापन र समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने जिम्मेवारी कार्यकारी निर्देशकको हुने। |
| ९ | • कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकार अतिरिक्त कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेः<br>(क) प्रतिष्ठानको समग्र व्यवस्थापन, सञ्चालन गर्ने, गराउने,<br>(ख) प्रतिष्ठानको योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समितिमा पेस गर्ने,<br>(ग) दफा १७ बमोजिम कायम गरिएको विशेषज्ञको सूची (रोष्टर) अद्यावधिक गर्ने,<br>(घ) प्रतिष्ठानको अध्ययन वा अनुसन्धान गर्ने विषयको छनोट गरी त्यसको कार्य क्षेत्रगत सर्त (टर्म्स अफ रेफरेन्स) सहित समितिमा पेस गर्न लगाउने,<br>(ङ) प्रतिष्ठानको मानवस्रोत व्यवस्थापन, आर्थिक प्रशासन तथा अन्य काम, कारबाहीको सुपरीवेक्षण गरी आवश्यकतानुसार निर्देशन दिने,<br>(च) स्वदेशी तथा विदेशी विश्वविद्यालय वा संघ, संस्थासँग सम्पर्क राख्ने,<br>(छ) कुनै अध्ययन, अनुसन्धान वा शोध गर्ने अध्येता, अनुसन्धानकर्ता वा शोधकर्ताको प्रस्ताव स्वीकृत गर्ने, र<br>(ज) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।<br>• मूल आदेशको दफा ९क मा संशोधनः मूल आदेशको दफा ९क. को उपदफा (२) को खण्ड (ख) मा रहेको "अध्यक्षलाई" भन्ने शब्दको सट्टा "कार्यकारी निर्देशकलाई" भन्ने शब्दहरू राखिएको। |
| १४ | • मूल आदेशको दफा १४ को उपदफा (७) मा रहेको "अध्यक्ष" भन्ने शब्दको सट्टा "कार्यकारी निर्देशक" भन्ने शब्दहरू राखिएको। |
| २३ | • मूल आदेशको दफा २३ मा रहेका "कार्यालय प्रबन्धक" भन्ने शब्दहरूको सट्टा "कार्यकारी निर्देशक" भन्ने शब्दहरू राखिएको। |
| ११ | • खारेजीः मूल आदेशको दफा ११ खारेज गरिएको। |

# सम्पन्न भएका अध्ययन-अनुसन्धान

प्रतिष्ठानले विश्वविद्यालय, नीति अध्ययन गर्ने संस्थाहरू र अन्य समान उद्देश्य भएका सार्वजनिक प्राज्ञिक संस्थाहरू समेतको सहकार्यमा अनुसन्धान गर्दछ भने सरकारका मन्त्रालयहरू, विभागहरू र अनुसन्धान गर्ने संस्थाहरूको निकट सम्बन्धमा रहेर "विकास र परिवर्तनका लागि अनुसन्धान" भन्ने नारा अङ्गीकार गरी कार्य गर्दछ। राष्ट्रको नीति परिवर्तन र नवप्रवर्तनमा योगदान गर्ने उद्देश्यले सार्वजनिक नीतिहरूको समीक्षा गरी प्रभावकारी नदेखिएका नीतिहरूको सुधारका लागि वा नयाँ नीति तर्जुमाका लागि आवश्यक प्रमाणहरू जुटाउने कार्य प्रतिष्ठानले गर्दै आएको छ। यस अर्थमा प्रतिष्ठानले गर्ने अनुसन्धानहरू अन्य अनुसन्धानहरूभन्दा फरक हुन्छन्। यसरी गरिएका अनुसन्धानबाट प्रतिवेदन, नीति सङ्क्षेप, पुस्तक र नीति सिफारिस लगायतको रूपमा ज्ञान सामग्रीहरू प्रकाशित हुँदै आएका छन्।

## प्रकाशित अनुसन्धान प्रतिवेदन र अन्य ज्ञान सामग्रीहरू

प्रतिष्ठान अन्तर्गतका अनुसन्धान विभाग र केन्द्रहरूका क्षेत्राधिकारभित्र पर्ने विभिन्न विषयहरूमा चालु रहेका अध्ययन अनुसन्धानमध्ये यस अवधिमा अनुसन्धान प्रतिवेदन (३), सोचपत्र (१) सम्पादित सँगालो (२), नीति समीक्षा प्रतिवेदन (३) सेमिनार प्रतिवेदन (१) हरू अनलाइन तथा छापा माध्यममा प्रकाशित भए भने केही अन्य अनुसन्धानहरू सम्पन्न भई प्रकाशोन्मुख रहे।

प्रकाशित सामग्रीहरूको सङ्क्षिप्त विवरण तल दिइएको छ। साथै, प्रकाशनको शीर्षकको दायाँतर्फ दिइएको क्युआर कोड प्रयोग गरी यस अवधिमा प्रकाशित प्रतिवेदनहरूको पूर्ण पाठ पढ्न र डाउनलोड गर्न सकिन्छ।

### अनुसन्धान प्रतिवेदन

**गैरपरम्परागत सुरक्षाः नेपालमा उर्जा सुरक्षाको परिदृश्य**

यस अध्ययनले ऊर्जा सुरक्षालाई राष्ट्रिय सुरक्षाको अभिन्न अङ्गका रूपमा लिँदै यसको सैद्धान्तिक आधार, अन्तर्राष्ट्रिय अभ्यास तथा नेपालको सन्दर्भमा यसको महत्त्वको विश्लेषण गरेको छ। साथै, ऊर्जा सुरक्षासम्बन्धी नीतिगत व्यवस्था, नेपालको ऊर्जा खपतको अवस्था, सम्भावना तथा चुनौतीहरूको मूल्याङ्कन लगायत ऊर्जा बजारको विकास र नीतिगत व्यवस्थाबिचको समन्वय तथा सहसम्बन्धको विश्लेषण पनि यसले गरेको छ।

यस अध्ययनमा गुणात्मक तथा व्याख्यात्मक कार्यविधि अवलम्बन गरिएको छ। अध्ययनको विषयवस्तु, क्षेत्र र उद्देश्यअनुसार विभिन्न नीतिगत दस्तावेज, अनुसन्धानमूलक लेख, प्रतिवेदन तथा ऊर्जा सुरक्षासँग सम्बन्धित मन्त्रालय, विभाग र अन्य निकायहरूले प्रकाशित गरेका आधिकारिक सामग्रीहरूको समीक्षा र विश्लेषण गरी अध्ययन सम्पन्न गरिएको छ।

अध्ययनले नेपालको ऊर्जा सुरक्षामा पेट्रोलियम पदार्थमा अत्यधिक आयात निर्भरता रहेको, हिउँदयाममा विद्युत् आयातको आवश्यकता तथा नदी प्रवाहमा आधारित जलविद्युत् प्रणालीका कारण ऊर्जा आपूर्तिमा जोखिम रहेको निष्कर्ष निकालेको छ। विशेषगरी सुख्खा मौसममा ऊर्जा सुरक्षालाई सुनिश्चित गर्न जलाशययुक्त जलविद्युत् आयोजनाको विकास अपरिहार्य रहेको पनि औँल्याइएको छ। साथै, जलवायु परिवर्तन र हरितगृह ग्यास उत्सर्जनका चुनौतीलाई दृष्टिगत गर्दै र परम्परागत तथा खनिज इन्धनको प्रयोग घटाई नवीकरणीय ऊर्जाको उत्पादन एवम् उपयोग विस्तार गर्नु नेपालको ऊर्जा सुरक्षा सुदृढीकरण तथा शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न आवश्यक रहेको निष्कर्ष अध्ययन प्रतिवेदनले देखाएको छ।

**नेपालमा नदीजन्य निर्माण सामग्रीको दिगो र वातावरणमैत्री उत्खननः नीतिगत तथा कानुनी व्यवस्थाको अध्ययन**

यस अनुसन्धानले नदीजन्य निर्माण सामग्री (ढुङ्गा, गिट्टी, बालुवा, माटो र गेग्रयान) को उत्खननलाई दिगो र वातावरणमैत्री बनाउने सम्बन्धमा आवश्यक कानुनी, नीतिगत तथा संस्थागत व्यवस्थाको अध्ययन गरी नेपाल सरकारलाई नीति सुझाव प्रदान गरेको छ। प्राथमिक तथा द्वितीयक स्रोतहरूबाट तथ्याङ्क प्रयोग भएको यस अनुसन्धानमा मुख्य रूपमा गुणात्मक अनुसन्धान विधि अवलम्बन गरिएको थियो।

अध्ययनले नदीजन्य निर्माण सामग्रीको उत्खननलाई केवल आर्थिक लाभसँग मात्र जोडेर नहेरी नदीको पारिस्थितिकीय सन्तुलन, दिगोपन तथा वातावरणीय संरक्षणलाई समान रूपमा प्राथमिकता दिनुपर्ने निष्कर्ष निकालेको छ । बढ्दो पूर्वाधार विकाससँगै ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा गेग्रयानको माग बढ्दै गए तापनि यसको अव्यवस्थित उत्खननले वातावरणीय तथा पारिस्थितिकीय जोखिम बढाएको देखिएको छ । त्यसैले, नदीजन्य निर्माण सामग्रीको उत्खनन र प्रयोगलाई व्यवस्थित, दिगो तथा वातावरणमैत्री बनाउन स्पष्ट कानुनी, नीतिगत र संस्थागत व्यवस्था सुदृढ गर्नुका साथै प्रभावकारी कार्यान्वयन र व्यवस्थापन प्रणाली विकास गर्न आवश्यक रहेको निष्कर्ष अध्ययनले प्रस्तुत गरेको छ ।

**विदेशमा बस्ने नेपालीहरूसहित नेपालमा अन्तर्निर्वाचन क्षेत्रमा रहेका नेपाली नागरिकहरूका लागि निर्वाचनमा मतदानको अवसर सुनिश्चित गर्ने उपायहरू**

यस अध्ययनले विदेशमा बस्ने नेपाली नागरिकहरूसहित नेपालमै आफ्नो निर्वाचन क्षेत्रभन्दा बाहिर रहेका नेपाली नागरिकहरूको मतदान अधिकार सुनिश्चित गर्न आवश्यक नीतिगत, कानुनी तथा संस्थागत व्यवस्थाको समीक्षा गरी उपयुक्त सुझाव प्रस्तुत गरेको छ ।

गुणात्मक ढाँचामा गरिएको यस अध्ययनमा मुख्यतया प्रकाशित अनुसन्धान प्रतिवेदनहरू, विभिन्न निर्वाचनसम्बन्धी हातेपुस्तिका र विश्वका विभिन्न देशले अभ्यास गरेका मोडेलहरू तथा ती मोडेलहरूमाथि भएका अध्ययन समीक्षाहरूको प्रयोगबाट आवश्यक तथ्याङ्क र जानकारीहरू लिइएको थियो । अध्ययनमा प्राथमिक र द्वितीयक दुवैखाले तथ्याङ्कको प्रयोग गरिएको भए तापनि यो अध्ययन मुख्य गरी द्वितीयक तथ्याङ्कमा बढी आधारित थियो । प्राथमिक तथ्याङ्क खासगरी गुणात्मक तथ्याङ्क सङ्कलनका लागि सरोकारवाला तथा विज्ञहरूबिच सार्वजनिक नीति संवाद र केन्द्रित समूह छलफल गर्नुका साथै केही मुख्य सूचनादाताहरूसँग सघन अन्तर्वार्ता पनि गरिएको थियो । नेपालको मुख्य राजनीतिक पार्टीहरूसँग लिखित सुझाव तथा पृष्ठपोषण पनि माग गरिएको थियो । सङ्कलित सबै तथ्याङ्कको विश्लेषण व्याख्यात्मक तथा विश्लेषणात्मक शैलीमा गरिएको थियो ।

अध्ययनले निर्वाचन लोकतन्त्रको आधारभूत माध्यम भएकाले प्रत्येक योग्य नेपाली नागरिकको मतदान अधिकार सुनिश्चित हुनु आवश्यक रहेको निष्कर्ष निकालेको छ । विद्यमान कानुनी व्यवस्थाका कारण विदेशमा बस्ने तथा नेपालमै आफ्नो निर्वाचन क्षेत्रभन्दा बाहिर रहेका ठुलो सङ्ख्याका नेपाली नागरिकहरू मतदानको अवसरबाट वञ्चित भइरहेका र विश्वका धेरै देशहरूले बाह्य मतदान प्रणाली सफलतापूर्वक कार्यान्वयन गरिसकेको सन्दर्भमा नेपालले पनि निर्वाचन कानुनमा आवश्यक संशोधन गरी सूचना प्रविधिमा आधारित उपयुक्त मतदान प्रणाली विकास गर्नुपर्ने आवश्यकता अध्ययन प्रतिवेदनले औंल्याएको छ । साथै, मतदान प्रक्रियाप्रति राजनीतिक दल र मतदाताको विश्वास कायम गर्दै शान्ति-सुरक्षा, स्रोत-साधन र आवश्यक संस्थागत तथा अन्तर्राष्ट्रिय सहकार्य सुनिश्चित गरी बाह्य मतदान प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने निष्कर्ष अध्ययन प्रतिवेदनले प्रस्तुत गरेको छ ।

## सम्पादित सँगालो

**Transforming Nepal Through Structural Reforms**

यस सम्पादित सँगालोले नेपालको आर्थिक तथा शासकीय संरचनामा रहेका दीर्घकालीन समस्याहरूको विश्लेषण गर्दै र दिगो आर्थिक रूपान्तरणका लागि आवश्यक संरचनात्मक सुधारका प्रयासहरू अपेक्षित रूपमा सफल हुन नसक्नुका कारणहरूको खोजी गर्दै निजी क्षेत्र विकास, कर प्रणाली, वित्तीय सङ्घीयता, कृषि, ऊर्जा, डिजिटल अर्थतन्त्र, जलवायु वित्त, सार्वजनिक लगानी तथा सुशासनजस्ता क्षेत्रहरूमा रहेका नीतिगत, संस्थागत तथा संरचनागत अवरोधहरूको विशेषण गरेको छ ।

ऐतिहासिक तथा तुलनात्मक विश्लेषण, नीतिगत तथा संस्थागत समीक्षा, राष्ट्रिय तथा क्षेत्रगत तथ्याङ्कमा आधारित अध्ययन, तथा राजनीतिक अर्थशास्त्रीय दृष्टिकोणको प्रयोग र गुणात्मक र परिमाणात्मक दुवै प्रकारका प्रमाणहरूको उपयोग गरी आर्थिक रूपान्तरणमा अवरोध सिर्जना गर्ने कारकहरू, सुधार प्रक्रियाको सुस्तता तथा दिगो परिवर्तन सम्भव बनाउने संस्थागत अवस्थाहरूको विश्लेषण यसमा छ ।

नेपालको विकास चुनौती मुख्यतः संरचनागत तथा संस्थागत कमजोरीहरूमा आधारित रहेको, विगतका सुधारहरूले आर्थिक उदारीकरण, शिक्षा तथा पहुँच विस्तारमा योगदान पुऱ्याए तापनि उत्पादनशील रोजगारी सिर्जना, औद्योगिकीकरण, सुशासन, नीतिगत समन्वय तथा संस्थागत क्षमताको विकासमा अपेक्षित उपलब्धि हासिल गर्न नसकेकाले आगामी सुधारहरू केवल बजार उदारीकरणमा सीमित नभई संस्थागत सुदृढीकरण, प्रभावकारी सेवा प्रवाह, निजी क्षेत्र प्रवर्धन, शिक्षा तथा सीप विकास, डिजिटल रूपान्तरण, जलवायु सहनशीलता तथा समावेशी आर्थिक वृद्धिमा केन्द्रित हुनुपर्ने आवश्यकता सँगालोका लेखहरूले औंल्याएका छन् । अध्ययनले नेपालको दिगो तथा समावेशी आर्थिक रूपान्तरणका लागि राजनीतिक रूपमा व्यवहार्य, सामाजिक रूपमा समावेशी र संस्थागत रूपमा विश्वसनीय संरचनात्मक सुधार अपरिहार्य रहेको निष्कर्ष निकालेको छ ।

**नेपालमा सङ्घीयताको एक दशकः अभ्यास, अनुभव र समसामयिक नीतिगत बहस**

यस सँगालोका आलेखहरूले नेपालको संघ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्बन्धको लेखाजोखा गर्दै सङ्घीयता कार्यान्वयनमा देखिएका समस्याहरूको विश्लेषण गरेको छ ।

द्वितीयक स्रोतमा आधारित र गुणात्मक विधिबाट तयार गरिएका यसभित्रका आलेखहरूले नेपालको संविधान, विभिन्न ऐन-कानुन र अध्ययन प्रतिवेदनहरू, तीन तहका सरकारको अधिकार र कार्यविभाजनसम्बन्धी दस्तावेजहरूको अध्ययन र तथ्याङ्कको विश्लेषणका माध्यमबाट अन्तरतहगत कार्यगत सम्बन्धको अवस्था पहिल्याउने प्रयास गरेका छन् ।

अध्ययनले सङ्घीयताको सफलता यसको संरचनाभन्दा बढी प्रभावकारी कार्यान्वयनमा निर्भर रहने देखाएको छ । नेपालको संविधानले तीन तहका सरकारका अधिकार, कर्तव्य र जिम्मेवारी निर्धारण गरे तापनि साझा अधिकारको कार्यान्वयनमा दोहोरोपनाको समस्या कायम रहेको र कार्यविस्तृतीकरण प्रतिवेदनलाई थप स्पष्ट तथा परिमार्जन गर्न आवश्यक रहेको निष्कर्ष निकालेको छ । साथै, संघ सरकारले प्रदेश र स्थानीय तहलाई अधिकार हस्तान्तरणमा अपेक्षित उदारता देखाउन नसकेको तथ्य पनि उजागर भएको छ । अध्ययनले स्पष्ट कार्यविभाजन, प्रभावकारी अन्तरसरकारी समन्वय, राजनीतिक दलहरूको सकारात्मक भूमिका, नागरिकको सक्रिय सहभागिता तथा राजनीतिक नेतृत्वको दृढ इच्छाशक्तिविना सङ्घीयताको सबलीकरण र दिगो कार्यान्वयन सम्भव नहुने पनि औंल्याएको छ ।

## नीति समीक्षा प्रतिवेदन

**जलविद्युत् विकास नीति, २०५८ः समीक्षा र भविष्यका लागि मार्गदर्शन**

यस समीक्षाले जलविद्युत् विकास नीति, २०५८ को कार्यान्वयनको अवस्था विश्लेषण गर्दै यसको कार्यान्वयनमा देखापरेका समस्या र चुनौतीहरूको पहिचान गरेको छ । साथै, यसले जलविद्युत् विकाससम्बन्धी आगामी नीति निर्माणका प्राथमिकता, जलस्रोतको अधिकतम उपयोग, वातावरण संरक्षण, प्रत्यक्ष वैदेशिक लगानी र विद्युत् निर्यातको सम्भावनाजस्ता विषयहरूमा विद्यमान नीतिको प्रासङ्गिकता मूल्याङ्कन पनि गरेको छ ।

समिक्षामा आर्थिक पारदर्शिता र सुशासनको कमजोरीका कारण सरकारी र निजी क्षेत्रको लगानीमा निर्मित परियोजनाहरूको प्रतिमेगावाट विद्युत् उत्पादन लागतमा ठुलो भिन्नता रहेको पाइएको छ । प्रसारण लाइन र वितरण प्रणालीमा प्राधिकरणको एकाधिपत्य कायम रहेकाले प्रतिस्पर्धा र नवप्रवर्तनको अभावमा नीतिले अपेक्षित सफलता हासिल गर्न सकेको छैन । लगानीकर्ताहरूले सीमित दृष्टिकोण, प्रशासनिक झन्झट, ग्रिड-लाइन जडानमा ढिलाइ र नीतिमा अकस्मात् परिवर्तनजस्ता समस्याहरू भोग्नु परिरहेको पनि प्रतिवेदनले देखाएको छ । घरेलु उपभोक्ताहरूको हकमा भने प्रतियुनिट विद्युत् शुल्क तोकिएको मूल्यभन्दा बढी लिइने, ई-वाहनका चार्जिङ स्टेसनको अभाव, भोल्टेज अस्थिरता र दुर्गम क्षेत्रमा विद्युत् नपुगेको जस्ता समस्याहरू विद्यमान रहेको पनि देखाएको छ । समग्रमा, यस प्रतिवेदनले भविष्यका नीतिका लागि अनुमति प्रक्रिया सरलीकरण, वातावरणीय अनुकूलन, सामाजिक स्वीकृति, सरकार-निजी क्षेत्र साझेदारी, ROOT मोडेलको प्रयोग, एआई तथा मेशिन लर्निङको एकीकरण, स्वदेशी जनशक्ति विकास र पुनर्निर्माण चरण लागु गर्नेसहित १९ वटा प्रमुख सिफारिसहरू प्रस्तुत गर्दै नीतिको सान्दर्भिकता, कार्यान्वयन र समयसापेक्ष परिमार्जनको आवश्यकतामा जोड दिएको छ ।

यस समीक्षाका लागि आवश्यक प्राथमिक तथ्याङ्क सङ्कलन अनलाइन सर्वेक्षणबाट गरिएको थियो भने जलविद्युत् क्षेत्रका विज्ञहरूद्वारा नीतिगत समीक्षा तथा विभागहरूबाट सुझाव पनि सङ्कलन भएका थिए । सम्बन्धित सरोकारवालाहरूसँग परामर्श र छलफलका लागि नीति संवाद आयोजना गरिएको थियो भने विभिन्न व्यक्ति तथा संस्थासँग सहभागितामूलक क्रियाकलापहरू मार्फत सूचनाहरू पनि सङ्कलन गरिएको थियो ।

### राष्ट्रिय युवा नीति, २०७२ को समीक्षा

यस नीति समीक्षा प्रतिवेदनले राष्ट्रिय युवा नीति, २०७२ को कार्यान्वयन अवस्था र प्रभावकारिताको समीक्षा गर्दै युवा विकाससँग जोडिएका विद्यमान चुनौतीहरूको विश्लेषण गरेको छ भने उक्त नीतिलाई समयानुकूल, समावेशी तथा परिणाममुखी बनाउन आवश्यक सुधारका क्षेत्रहरू पहिचान पनि गरेको छ छ । यसका साथै, उद्यमशीलता, रोजगारी, सीप विकास, समावेशीकरण र युवाको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्न आवश्यक उपायहरू खोजी गर्दै भावी नीतिगत सुधारका लागि व्यावहारिक सुझाव समेत यसले प्रस्तुत गरेको छ ।

यो अध्ययन गुणात्मक तथा विश्लेषणात्मक कार्यविधि अपनाई गरिएको थियो भने सम्बन्धित कानुन, नीतिगत दस्तावेज, विभिन्न अध्ययन-अनुसन्धानका प्रतिवेदनहरू, तथ्याङ्क र अन्य द्वितीयक स्रोतहरूको समीक्षाका आधारमा नीतिको कार्यान्वयन अवस्था, उपलब्धि, चुनौती तथा सुधारका क्षेत्रहरूको विश्लेषण गरिएको हो ।

अध्ययनले राष्ट्रिय युवा नीति, २०७२ ले युवालाई राष्ट्रको महत्त्वपूर्ण मानव पुँजीका रूपमा स्वीकार गरे तापनि यसको कार्यान्वयन अपेक्षाअनुरूप प्रभावकारी हुन नसकेको निष्कर्ष निकालेको छ । युवा बेरोजगारी, अर्धरोजगारी, वैदेशिक रोजगारीमा निर्भरता, अपर्याप्त बजेट, कमजोर समन्वय तथा अनुगमन र समसामयिक विषयहरूको अपर्याप्त सम्बोधनले नीतिको प्रभावकारितामा चुनौती सिर्जना गरेको पनि प्रतिवेदनले देखाएको छ । अध्ययनले नीति संशोधनका क्रममा उद्यमशीलता प्रवर्धन, सीप विकास, स्थानीय रोजगारी सिर्जना, बजेट पारदर्शिता, परिणाममुखी अनुगमन तथा मूल्याङ्कन र तीनै तहका सरकारबिच प्रभावकारी समन्वयलाई प्राथमिकता दिनुपर्ने आवश्यकता औँल्याएको छ ।

## सोचपत्र

### संसद र सरकारको प्रभावकारितामा निर्वाचन प्रणालीः चुनौती र सुधारको आवश्यकता

यस अध्ययनले नेपालको वर्तमान निर्वाचन प्रणालीको ऐतिहासिक विकास, वर्तमान संरचना र प्रक्रियाको विश्लेषण गरी विश्वमा प्रचलित निर्वाचन प्रणालीहरूको तुलनात्मक विवरण पेस गरेको छ। यसका साथै, निर्वाचन प्रणालीका कारणले संसद्मा देखिएका दलीय प्रतिनिधित्वको अवस्था र राजनीतिक स्थिरतामा पारेको प्रभाव मूल्याङ्कन पनि यसमा छ भने नेपालको सङ्घीय संरचनाअनुसार निर्वाचन प्रणालीमा आवश्यक सुधारका विकल्पहरूको बारेमा विश्लेषण पनि छ । यसले नीति कार्यान्वयनमा देखिएका चुनौतीहरू पहिचान गरी लोकतान्त्रिक प्रक्रियालाई मजबुत बनाउन आवश्यक नीतिगत सिफारिसहरू पनि गरेको छ ।

अध्ययनका लागि प्रकाशित साहित्य, प्रतिवेदन, वेबसाइट तथा अन्य द्वितीयक स्रोतहरूबाट प्राप्त गुणात्मक र परिमाणात्मक तथ्याङ्कको उपयोग गरिएको छ भने निर्वाचन आयोगका अधिकारीहरू, निर्वाचन पर्यवेक्षकहरू, निर्वाचन विज्ञहरू तथा यस क्षेत्रमा कार्यरत संस्थाका प्रतिनिधिहरूसँगको छलफललाई समेत आधार बनाइएको छ ।

अध्ययनले २०७९ को आम निर्वाचनमा परम्परागत ठुला दलहरूको मत घट्दै गएको र नयाँ दलहरूको प्रभाव बढेको देखाएको छ। समानुपातिक निर्वाचन प्रणालीले सङ्ख्यात्मक रूपमा समावेशी प्रतिनिधित्व सुनिश्चित गरे तापनि संविधानको मर्मअनुरूप पूर्ण समावेशीकरण हुन नसकेको निष्कर्ष निकालेको छ। साथै, दलभित्रका आन्तरिक विवादका कारण बहुमत प्राप्त दलसमेत विभाजित भई राजनीतिक अस्थिरता उत्पन्न भएको, निर्वाचन प्रणाली सुधारका लागि सङ्घीय संसद्को आकार घटाउन, दलभित्र प्रारम्भिक मतदान मार्फत उम्मेदवार छनोट गर्न, संविधान संशोधन गरी निर्वाचन प्रणाली परिमार्जन गर्न तथा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गर्न सिफारिस गरेको छ ।

## सेमिनार प्रतिवेदन

### Moving Towards a Shared Future: Review of and Prospects for Nepal-China Strategic Partnership of Cooperation

यस प्रतिवेदनले विगत ७० वर्षको नेपाल-चीन सम्बन्धको राजनीतिक, आर्थिक, सामाजिक-सांस्कृतिक तथा जनस्तरीय आयामहरूको समीक्षा गरी सन् २०१९ मा स्थापित रणनीतिक साझेदारीपछि दुई देशबिचको सहकार्यलाई अझ प्रभावकारी र परिणाममुखी बनाउनेतर्फ नीतिगत सिफारिसहरू गरेको छ । नेपाल-चीन कूटनीतिक सम्बन्धको ७०औं वर्षगाँठको अवसरमा नीति अनुसन्धान प्रतिष्ठान र नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजी (NIIS/CASS) बिच संयुक्त अनुसन्धान, प्रकाशन तथा नीति संवादका लागि दीर्घकालीन सहकार्यको आधार निर्माण गर्नु पनि सेमिनारको महत्त्वपूर्ण उद्देश्य रहेको थियो ।

नेपाल-चीन सम्बन्ध र रणनीतिक साझेदारीसम्बन्धी विषयहरूमा केन्द्रित दुई सत्रहरू सञ्चालन गरी दुवै पक्षका सरकारी थिङ्क ट्याङ्कहरूद्वारा अनुसन्धान पत्र प्रस्तुत गरिएको थियो। प्रस्तुत पत्रहरूमाथि विज्ञ टिप्पणीकारहरूबाट समीक्षात्मक टिप्पणी तथा सहभागीहरूबीच खुला छलफल गरिएको थियो।

यस सेमिनारले नेपाल-चीन सम्बन्ध ऐतिहासिक, सांस्कृतिक तथा जनस्तरीय आधारमा स्थापित भई पञ्चशीलका सिद्धान्तअनुसार विकास हुँदै आएको निष्कर्ष निकालेको छ। सन् २०१९ मा रणनीतिक साझेदारीमा उन्नत भएको द्विपक्षीय सम्बन्धलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न दुवै पक्षबाट थप प्रतिबद्धता र प्रयास आवश्यक रहेको पनि औंल्याइएको छ। चीन नेपालको प्रमुख व्यापारिक साझेदार तथा प्रत्यक्ष वैदेशिक लगानीको महत्त्वपूर्ण स्रोत भए तापनि व्यापार असन्तुलन प्रमुख चुनौतीका रूपमा रहेको देखिएको छ।

साथै, बीआरआई (BRI) कार्यान्वयनमा स्पष्टता, निरन्तरता र रणनीतिक साझेदारीका उद्देश्य तथा अपेक्षाहरूको स्पष्ट परिभाषा आवश्यक रहेको निष्कर्ष प्रतिवेदनमा छ। भविष्यमा पूर्वाधार विकास, डिजिटल अर्थतन्त्र, हरित ऊर्जा, कृषि प्रविधि, जनस्तरीय आदान-प्रदान तथा सीमा व्यवस्थापनका क्षेत्रमा सहकार्य विस्तार गर्ने पर्याप्त सम्भावना रहेको उल्लेख गर्दै प्रतिवेदनले नेपाल-चीन रणनीतिक साझेदारीलाई थप सुदृढ, परिणाममुखी र दिगो बनाउन राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा स्पष्ट तथा मापनयोग्य लक्ष्य निर्धारण गरी आपसी विश्वास र सहकार्यलाई निरन्तरता दिनुपर्नेमा जोड दिएको छ।

## नेपाल पब्लिक पोलिसी रिभ्यू




नीति अनुसन्धान प्रतिष्ठानले प्राज्ञिक अनुसन्धान र सार्वजनिक नीति निर्माणबिचको खाडललाई जोड्ने उद्देश्यका साथ अनुसन्धानकर्ता र नीति अभ्यासकर्ताबिच सहकार्यलाई प्रोत्साहन, पाण्डुलिपि परिमार्जन सहयोग र शोधलेखमा नीति सिफारिस र कार्यान्वयन मार्गचित्रको अनिवार्यताजस्ता सहकार्यात्मक, सहयोगात्मक र नीतिउन्मुख विशेषतासहितको प्रायोगिक नीति जर्नलको रूपमा विज्ञ-समीक्षित जर्नल (peer-reviewed journal) - नेपाल पब्लिक पोलिसी रिभ्यू (NPPR) - मा गुणस्तरीय लेखहरू प्रकाशित गर्दै आएको छ।

आर्थिक वर्ष २०८२/८३ को साउन महिनादेखि हालसम्मको अवधिमा जर्नलको पाँचौं अङ्क (२०२५) अनलाइन माध्यमबाट प्रकाशित भएको छ। उक्त अङ्कमा ६ वटा अनुसन्धानमूलक लेख, एउटा नीतिगत टिप्पणी र सम्पादकीय गरी कुल आठ वटा लेखहरू समावेश छन्। हालसम्म जर्नलका पाँचवटा संस्करणहरू भौतिक/ डिजिटल रूपमा प्रकाशित भई कुल ५९ वटा नीतिगत लेखहरू प्रकाशन भइसकेका छन्।

यस जर्नलका कार्यकारी सम्पादकको भूमिकामा नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता तथा अनुसन्धान विभागका विभागीय प्रमुख डा. दीपक कुमार खड्का हुनुहुन्छ भने व्यवस्थापकीय सम्पादकको जिम्मेवारी प्रतिष्ठानका विश्लेषक श्री सुधीर श्रेष्ठले निर्वाह गर्दै आउनुभएको छ। सम्पादक मण्डलमा नेपाल सरकारका पूर्व विशिष्ट कर्मचारीहरू, राष्ट्रिय योजना आयोगका पूर्व पदाधिकारीहरू, नीति निर्माणमा अनुभवी विज्ञहरू र स्वदेशी तथा विदेशी विश्वविद्यालयका प्रतिष्ठित प्राध्यापक एवम् अनुसन्धानकर्ताहरूको संलग्नता रहिआएको छ।

यस आर्थिक वर्षमा जर्नलप्रति उल्लेखनीय प्राज्ञिक आकर्षण देखिएको छ। विभिन्न विश्वविद्यालय, अनुसन्धान केन्द्रहरू तथा अनुसन्धाताहरूबाट कृषि, शिक्षा, अर्थतन्त्र, वैदेशिक सहायता, सुशासन र कानुनलगायत सार्वजनिक नीतिका विविध क्षेत्रहरू समेटिएका कुल २९ वटा पाण्डुलिपिहरू प्राप्त भएका छन्। प्राप्त पाण्डुलिपिहरूमध्ये दुई वटा पाण्डुलिपिहरू प्रकाशित भएका छन्, दुई वटा प्रारम्भिक समीक्षा तथा विज्ञ-समीक्षाबाट प्राप्त सुझावका आधारमा अस्वीकृत भएका छन् भने २५ वटा पाण्डुलिपिहरू हाल विज्ञ-समीक्षा तथा आन्तरिक मूल्याङ्कनका विभिन्न चरणमा रहेका छन्।

# चालु अध्ययनहरू

निम्नानुसारका अनुसन्धानहरू यस अवधिमा चालु रहे भने चालु अनुसन्धानहरूमध्ये केही अनुसन्धान प्रतिवेदनहरू आन्तरिक समीक्षा तथा प्रकाशनको तहमा रहे ।

| क्र.सं. | नीति अध्ययन केन्द्र | परियोजना | अवस्था |
|---|---|---|---|
| १ | आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्र | १.१ Infrastructure and economic development in Nepal: How to activate the linkages? | प्रकाशोन्मुख |
| | | १.२ Efficiency and effectiveness of public expenditure management system in Nepal: Review of performance and way forward | प्रकाशोन्मुख |
| | | १.३ Sustainable and environment-friendly extraction of riverine quarry and construction materials | प्रकाशोन्मुख |
| | | १.४ Examining the alignment between monetary policy and fiscal policy for promoting sustainable economic development in Nepal | प्रकाशोन्मुख |
| | | १.५ औद्योगिक विकास रणनीतिको तर्जुमाका लागि आधारपत्रको तयारी | आन्तरिक समीक्षामा |
| | | १.६ Foreign direct investment commitment and its realization | आन्तरिक समीक्षामा |
| | | १.७ राष्ट्रिय आवास नीति २०६८ को पुनरावलोकन | आन्तरिक समीक्षामा |
| | | १.८ नेपालमा अनौपचारिक अर्थतन्त्रका अवस्था, चुनौती र यसका औपचारिकीकरणको मार्गचित्र | चालु |
| | | १.९ नेपालमा आन्तरिक रोजगारी र युवाका लागि अवसर सिर्जना (नीति सङ्क्षेप) | चालु |
| | | १.१० नेपालमा विद्युतीय सवारीका अवसर र चुनौतीहरू (नीति सङ्क्षेप) | आन्तरिक समीक्षामा |
| २ | शासकीय प्रबन्ध, सङ्घीयता तथा सामाजिक मामिला नीति अध्ययन केन्द्र | २.१ नेपालमा निर्वाचन प्रणाली तथा व्यवस्थापन प्रक्रिया सुधार | आन्तरिक समीक्षामा |
| | | २.२ विद्यालय शिक्षा सुधारका लागि शिक्षकको क्षमता अभिवृद्धि | आन्तरिक समीक्षामा |
| | | २.३ संसदीय समितिका निर्देशनहरू कार्यान्वयन हुन नसक्नुका कारणहरू | आन्तरिक समीक्षामा |
| | | २.४ Prospects and challenges of e-governance in Nepal: Citizen's perspectives | प्रकाशोन्मुख |
| | | २.५ निजामती सेवामा उत्प्रेरणाको अवस्था | प्रकाशोन्मुख |
| | | २.६ Epidemic management in Nepal: An inquiry into policy issues and crisis | आन्तरिक समीक्षामा |
| | | २.७ प्रदेश सभाको विधायिकी कार्यसम्पादन अध्ययन | प्रकाशोन्मुख |
| | | २.८ स्थानीय तहको कानुन निर्माण र सोको कार्यान्वयन अवस्थासम्बन्धी अध्ययन | प्रकाशोन्मुख |
| | | २.९ राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्य योजना २०७७ को समीक्षा | आन्तरिक समीक्षामा |
| | | २.१० रोजगारी प्रवर्धन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रयास, विद्यमान समस्या र सुधारका पक्षहरू | आन्तरिक समीक्षामा |
| | | २.११ पिछडिएको वर्गको पहिचानका आधारहरू | आन्तरिक समीक्षामा |

| क्र. सं. | नीति अध्ययन केन्द्र | परियोजना | अवस्था |
|---|---|---|---|
| | | २.१२ विपन्न खस आर्य पहिचानका आधारहरू | आन्तरिक समीक्षामा |
| | | २.१३ सामाजिक सुरक्षा प्रणालीको एकीकरणका लागि सुझावहरू | आन्तरिक समीक्षामा |
| | | २.१४ न्याय प्रणालीको वर्तमान अवस्था र भावी रूपरेखा | चालु |
| | | २.१५ राष्ट्रिय चलचित्र नीति, २०७१ को समीक्षा | चालु |
| | | २.१६ राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को समीक्षा | चालु |
| | | २.१७ विश्वविद्यालयहरूको शासकीय प्रणालीमा सुधारका उपायहरू (नीति सङ्क्षेप) | चालु |
| | | २.१८ अन्तरसरकारी समन्वयका संयन्त्रहरूको कार्यसम्पादन अवस्था र सुधारका पक्षहरू (नीति सङ्क्षेप) | आन्तरिक समीक्षामा |
| | | २.१९ नेपालमा जेन-जीः युवा लक्षित कार्यक्रमका प्राथमिकताहरू (नीति सङ्क्षेप) | आन्तरिक समीक्षामा |
| | | २.२० नेपालमा ज्येष्ठ नागरिकको स्याहार-सुसारसम्बन्धी नीतिगत व्यवस्था, कार्यान्वयन अवस्था र सुधारका पक्षहरू (नीति सङ्क्षेप) | चालु |
| | | २.२१ नेपालमा जनस्वास्थ्य शिक्षाको अवस्था र सुधारका उपायहरू (नीति सङ्क्षेप) | चालु |
| ३ | परराष्ट्र तथा रणनीतिक मामिला नीति अध्ययन केन्द्र | ३.१ नेपालमा नागरिक-सेना सम्बन्ध | आन्तरिक समीक्षामा |
| | | ३.२ भारतको अग्निपथ योजनामा नेपाली नागरिकहरूको भर्तीको प्रश्न | आन्तरिक समीक्षामा |
| | | ३.३ गैरआवासीय नागरिकता प्राप्त नेपालीहरूलाई प्रदान गर्न सकिने आर्थिक अधिकार अन्तर्गत सम्पत्तिको अधिकारसम्बन्धी अध्ययन | आन्तरिक समीक्षामा |
| | | ३.४ बहुपक्षीय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको सशक्त उपस्थितिका लागि अपनाउनुपर्ने रणनीतिहरू | चालु |
| | | ३.५ Identification, promotion, and utilization of resources of soft power to achieve Nepal's foreign policy objectives | चालु |
| | | ३.६ नेपालमा साइबर अपराधको अवस्था, यसले राष्ट्रिय सुरक्षामा पार्ने प्रभाव र नियन्त्रणका उपायहरू | चालु |
| | | ३.७ सङ्कटपूर्ण अवस्थामा प्रवासी नेपालीहरूको उद्धार (नीति सङ्क्षेप) | चालु |
| | | ३.८ नेपाल र चीनबिचको रणनीतिक साझेदारीसम्बन्धी अध्ययन (नीति सङ्क्षेप) | चालु |
| | | ३.९ मानव सुरक्षाको सन्दर्भमा सडक सुरक्षाः सडक दुर्घटनाका कारण र निवारण (नीति सङ्क्षेप) | चालु |
| | | ३.१० वैदेशिक रोजगारीमा जाने नेपालीहरूको सीप/तालीम कार्यक्रमको प्रभावकारिता (नीति सङ्क्षेप) | चालु |
| ४ | प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्र | ४.१ विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रणालीको राष्ट्रिय सूचीकरणको रूपरेखा | चालु |
| | | ४.२ जनस्वास्थ्य प्रयोगशाला नीति २०५९ को समीक्षा | चालु |
| | | ४.३ National policy development framework for agriculture research in Nepal | चालु |
| | | ४.४ नेपालको कृषि क्षेत्रमा विज्ञान-नीति सन्धिस्थल (science-policy interface) को अध्ययन | आन्तरिक समीक्षामा |

| क्र.सं. | नीति अध्ययन केन्द्र | परियोजना | अवस्था |
|---|---|---|---|
| | | ४.५ राष्ट्रिय बीउ बिजन नीति २०५६ को समीक्षा | आन्तरिक समीक्षामा |
| | | ४.६ नेपालका व्यावसायिक प्रतिष्ठानहरूमा नवप्रवर्तनको क्षमता र अवस्थाको मापन | आन्तरिक समीक्षामा |
| | | ४.७ नेपालमा भूउपयोगका सामाजिक, आर्थिक, राजनीतिक र नीतिगत आयाम: कृषि भूमिको आदर्श उपयोग निर्धारण | चालु |
| | | ४.८ नेपालमा भूउपयोगका सामाजिक, आर्थिक, राजनीतिक र नीतिगत आयाम: समग्र भूमि नीतिको समीक्षा | चालु |
| | | ४.९ नेपालमा कृषि बीमा कार्यान्वयनको प्रभावकारिता सम्बद्ध समस्याहरू तथा समाधानका उपायहरू | आन्तरिक समीक्षामा |
| | | ४.१० खानेपानीको स्रोत विविधीकरण (source diversification) को रूपमा सानो र ठुलो आकारमा बर्षातको पानी सञ्चयन (rainwater harvesting) को सम्भावनासम्बन्धी अध्ययन | चालु |
| | | ४.११ जलवायु परिवर्तनले राष्ट्रिय सुरक्षामा पार्ने दीर्घकालीन प्रभाव र न्यूनीकरणका उपाय | चालु |
| | | ४.१२ नेपालको कृषि क्षेत्रको कमजोर प्रतिस्पर्धी क्षमताका कारणहरू र यसको प्रतिस्पर्धी क्षमता बढाउने सम्भावित उपायहरू | आन्तरिक समीक्षामा |
| | | ४.१३ राष्ट्रिय परमाणु नीति, २०६४ को अध्ययन तथा अनुसन्धान (नीति समीक्षा) | आन्तरिक समीक्षामा |
| | | ४.१४ Assessment of Insurance-based approaches to Human–Wildlife Conflict Mitigation in Nepal (नीति सङ्क्षेप) | आन्तरिक समीक्षामा |
| | | ४.१५ Developing policy framework on biotoxicity (microtoxicity and nanotoxicology) in Nepal (नीति सङ्क्षेप) | चालु |
| | | ४.१६ नेपालमा खाद्य सुरक्षा र शून्य भोकमरी: अवस्था र आगामी रणनीति (नीति सङ्क्षेप) | आन्तरिक समीक्षामा |
| ५ | सूचना तथा ज्ञान व्यवस्थापन विभाग | ५.१ वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको पुन:एकीकरण तथा उनीहरूबाट अर्जित पुँजी, ज्ञान र सीपको उपयोगको सम्भावना | आन्तरिक समीक्षामा |
| | | ५.२ नेपालको संविधानमा दलितका लागि व्यवस्था गरिएका मौलिक हकहरूको कार्यान्वयन अवस्था, चुनौती र आगामी बाटो | आन्तरिक समीक्षामा |
| ६ | अनुसन्धान विभाग | ६.१ सार्वजनिक सेवामा सदाचार प्रवर्धनका उपायहरू | चालु |
| | | ६.३ २०४६ सालको परिवर्तनपछि श्रमिक तथा मजदुर वर्गको उत्थानका लागि राज्यले गरेका प्रयासहरूको समीक्षात्मक अध्ययन | चालु |
| | | ६.४ राष्ट्रिय नीति तर्जुमा गर्ने सम्बन्धमा नीति तर्जुमाका महत्त्वपूर्ण चरणहरू समावेश भएको नीति तर्जुमा दिग्दर्शन तयार गर्ने (नीति अनुसन्धान) | चालु |

## नीति सिफारिस

आवश्यकताको आधारमा सार्वजनिक नीतिका विभिन्न विषयहरूमा अध्ययन अनुसन्धान गरी नीति सिफारिस गर्ने प्रतिष्ठानको प्रमुख कार्यदिशभित्र पर्ने भएकाले प्रतिष्ठानले सरकारलाई नीति सिफारिस गर्दै आएको छ । नेपाल सरकारका मन्त्रालयहरूबाट अनुरोध भई आएकामा प्रतिष्ठानले नीति मस्यौदा कार्यमा पनि सहयोग गर्दै आएको छ । प्रतिष्ठानले यस अवधिमा निम्नानुसारका नीति सिफारिसहरू सम्बन्धित निकायहरूमा पठाएको थियो ।

## राष्ट्रिय हवाई नीति, २०८३ (मस्यौदा) उपरको पृष्ठपोषण

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तयार गरेको राष्ट्रिय हवाई नीति, २०८३ को मस्यौदा सुधारका लागि नीतिगत पृष्ठपोषण अनुरोध गरी उक्त मन्त्रालयबाट नीति अनुसन्धान प्रतिष्ठानमा भएको पत्राचारअनुरूप उक्त मस्यौदालाई थप सुदृढ, समसामयिक, कार्यान्वयनमुखी तथा अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्याससँग समरूप बनाउन सहयोग पुऱ्याउने उद्देश्यले प्रतिष्ठानले एक सुझाव प्रतिवेदन पेस गऱ्यो ।

नेपालको संवैधानिक व्यवस्था; प्रचलित कानुन तथा विद्यमान नीतिगत प्रारूप; नागरिक उड्डयन क्षेत्रका समकालीन आवश्यकता र मिडियाहरूले उठान गरेका सम्बन्धित विषयवस्तु; अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनका मापदण्ड, सिफारिस तथा समकालीन अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासलाई सन्दर्भका रूपमा लिई उक्त सुझावपत्र तयार गरिएको थियो । मस्यौदाको मूल नीतिगत अभिप्राय र संरचनालाई यथावत् राख्दै त्यसको स्पष्टता, कार्यान्वयनयोग्यता, नीतिगत सुसङ्गति तथा अन्तर्राष्ट्रिय मापदण्डसँगको समरूपता अभिवृद्धि गर्नेतर्फ केन्द्रित उक्त सुझावपत्रले मस्यौदाको गुणस्तर, प्रभावकारिता तथा दीर्घकालीन कार्यान्वयन क्षमता अभिवृद्धि गर्ने सम्बन्धमा पनि सुझावहरू दिएको थियो ।

राष्ट्रिय हवाई नीति, २०८३ को मस्यौदाले राष्ट्रिय विकाससँग नागरिक उड्डयनको रणनीतिक सम्बन्धलाई स्पष्ट रूपमा स्थापित गर्न सकेको, नीतिगत निरन्तरताको आधारमा नयाँ नीति तर्जुमा भएको, निजी क्षेत्रको भूमिकालाई मस्यौदामा स्वीकार गरिएको, सेवा विस्तारसँगै नियामक भूमिकालाई महत्त्व दिइएको, सार्वजनिक हित र सेवा उपलब्धतालाई प्राथमिकता दिएको भए तापनि मस्यौदालाई राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्याससँग समरूप बनाउन थप सुधार गर्न सकिने विषयहरूमा सुझावहरू दिइएको थियो । सुझावपत्रमा नियामक र सेवा प्रदायक कार्यबिच संस्थागत पृथकीकरण कायम गर्नुपर्ने; अन्तर्राष्ट्रिय मापदण्डसँग मस्यौदा नीतिको सामञ्जस्यता कायम गर्नुपर्ने; विद्यमान कानुनी तथा नीतिगत व्यवस्थासँगको सामञ्जस्यता सुनिश्चित गर्नुपर्ने; नागरिक उड्डयन क्षेत्रलाई "उद्योग" "सेवा" वा "उद्योग र सेवा" अन्तर्गत वर्गीकरण गर्ने; समसामयिक विषयवस्तु र सरोकारहरूलाई सम्बोधन गर्नुपर्ने विषयमा ठोस सुझावहरू समावेश थिए ।

त्यसैगरी, तालिम संस्था र सिम्युलेटर; कर तथा भन्सार छुटको नीतिगत व्यवस्था; सार्वजनिक-निजी साझेदारीमा आकस्मिक दायित्व; वैदेशिक लगानीको प्रतिशत सीमा; सार्वजनिक-निजी साझेदारीमा आकस्मिक दायित्व; आन्तरिक उडानमा यात्रा गर्ने यात्रुहरूको बीमा दायित्व रकम लगायतका विषयमा खास सुझावहरू पनि संलग्न थिए ।

## वित्तीय क्षेत्र विकास रणनीति (आ. व. २०८२/८३ - २०८६/८७) (मस्यौदा) मा थप परिमार्जनका लागि सुझाव

नेपाल सरकार, अर्थ मन्त्रालयद्वारा तयार गरिएको "वित्तीय क्षेत्र विकास रणनीति (आ.व. २०८२/८३-२०८६/८७) को मस्यौदा" सम्बन्धी पृष्ठपोषणको लागि नीति अनुसन्धान प्रतिष्ठानलाई अनुरोध प्राप्त भएबमोजिम डेस्क रिभ्युका साथै क्षेत्रगत विषय विज्ञहरूसँगको परामर्श र लिखित सुझावको आधारमा प्रतिष्ठानले सुझाव प्रतिवेदन तयार गरी सम्बन्धित मन्त्रालयसमक्ष पेस गऱ्यो ।

प्रतिवेदनमा वित्तीय क्षेत्र विकास रणनीति (आ.व. २०८२/८३-२०८६/८७) को मस्यौदामा नेपालको समग्र वित्तीय क्षेत्रको वर्तमान अवस्था, जस्तै बैंकिङ, बीमा, पुँजी बजार, सहकारी संस्था, र अन्य गैरबैङ्किङ वित्तीय संस्थाहरूको प्रगति र चुनौतीहरूको विस्तृत विश्लेषण थियो । वित्तीय समावेशीकरणको अभाव, ग्रामीण क्षेत्रमा बैंकिङ सेवाको सीमित पहुँच, लघु तथा मझौला उद्यमहरूमाझ पर्याप्त वित्तीय सहयोग नपुग्ने समस्या, वित्तीय साक्षरताको कमी, र नियमन तथा निगरानीका क्षेत्रमा अपर्याप्त सुधार लगायतका समस्याहरूलाई प्रतिवेदनले वित्तीय क्षेत्रका प्रमुख समस्या/चुनौतीहरूका रूपमा पहिचान गरेको थियो । प्रतिवेदनले वित्तीय सेवाको भौगोलिक र सामाजिक पहुँच विस्तार गर्ने, डिजिटल बैंकिङ तथा प्रविधि-आधारित वित्तीय सेवाहरूलाई प्रवर्धन गर्ने, सहकारी संस्थाहरूको संरचनागत तथा प्राविधिक क्षमता विकास गर्ने, वित्तीय साक्षरता कार्यक्रमलाई तीव्र पार्ने, नीतिगत तथा कानुनी सुधारका माध्यमबाट लगानी वातावरण सुधार गर्ने, र वित्तीय स्थायित्व कायम राख्न प्रभावकारी नियामक तथा संस्थागत ढाँचा निर्माण गर्नेजस्ता व्यवहारिक कार्यनीतिहरू पनि प्रस्ताव गरेको थियो ।

## राष्ट्रिय सडक सुरक्षा नीति, २०८१ (मस्यौदा) माथि टिप्पणी

प्रतिष्ठानले राष्ट्रिय सडक सुरक्षा नीति, २०८१ उपर सामान्य र दफावार टिप्पणी गरी नेपाल सरकारले निर्धारण गरेको प्रारूपअनुरूप तयार गर्न (जस्तैः उक्त नीतिमा 'नीति' खण्ड, वित्तीय व्यवस्था, नीति कार्यान्वयन कार्ययोजना, नीतिको पुनरावलोकन, खारेजी र बचाउजस्ता बुँदाहरू पनि नरहेकाले सोही अनुसार परिमार्जन गर्न) सुझाएको थियो । साथै, संयुक्त राष्ट्र संघको सडक सुरक्षाको लागि १० वर्षीय कार्ययोजना कार्यान्वयनको लागि समेत मध्यनजर गरी नीति तय हुन लागेको

सन्दर्भमा उक्त नीतिले कार्ययोजनाले जोड दिएका विषयहरू पनि नसमेटेकाले सडक तथा सवारीसाधनको डिजाइन, कानुन तथा कानुन कार्यान्वयनको सुदृढीकरण तथा घाइतेहरूका लागि समयमै जीवनरक्षक आकस्मिक उपचारको व्यवस्थाजस्ता मुख्य विषयहरूलाई केन्द्रविन्दुमा राख्नुपर्ने सुझावहरू दिइएको थियो । त्यसैगरी, सुरक्षित सडक (नयाँ सडक बनाउँदाको मापदण्ड र पुरानाको मर्मत सम्भार समेत), सवारी साधनको मापदण्ड र अवस्था, चालकको योग्यता र अनुभव तथा यात्रीहरूको सङ्ख्या र अवस्थाजस्ता विषयहरूमा पनि मापदण्ड तोकी कडाइका साथ लागु गर्ने व्यवस्था नीतिमा हुनुपर्ने; नीतिको मस्यौदा तयार गर्दा विद्यमान समस्याहरूको पहिचान नभएकाले ती समस्याहरूको समाधान हुने गरी उद्देश्य निर्धारण हुनु आवश्यक भएको लगायत नीति प्रावधानको लक्ष्य प्राप्त हुने गरी रणनीतिहरू तयार गरिनुपर्ने र रणनीतिहरूको कार्यान्वयन गर्नको लागि कार्यनीतिको व्यवस्था थपिनुपर्ने पनि सुझाइएको थियो ।

पृष्ठपोषणमा प्रस्तावित नीतिसम्बन्धी दफावार टिप्पणीहरू पनि गरिएको थियो । समग्रमा राष्ट्रिय सडक सुरक्षा नीतिको महत्त्व र उक्त नीति दस्तावेजमा समावेश भएका समग्र विषयवस्तुको विश्लेषण थप गहनरूपले गरी नीतिको मस्यौदा पुनर्लेखन गर्न उपयुक्त हुने पनि सुझाइएको थियो ।

## सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (सङ्घीय निजामती सेवा विधेयक, २०८३) को मस्यौदामा सुधारका लागि नीति अनुसन्धान प्रतिष्ठानको सुझाव तथा पृष्ठपोषण

सङ्घीय निजामती सेवा विधेयक, २०८० सङ्घीय संसदमा छलफल तथा परिमार्जनसहित स्वीकृतिको अन्तिम चरणमा पुगेको भए तापनि सम्वत् २०८२ भदौमा प्रतिनिधि सभा विघटन भएपछि उक्त विधेयक निष्क्रिय भएको थियो । मुलुकमा नयाँ सरकार आएपछि सो सरकारले सङ्घीय निजामती सेवा विधेयक, २०८३ को मस्यौदा सार्वजनिक गरेकोमा नीति अनुसन्धान प्रतिष्ठानले उक्त मस्यौदामाथि अध्ययन गरी सुझाव प्रतिवेदन पेस गरेको हो ।

नेपालको विधान, निजामती सेवा ऐन, २०४९, विधेयक, २०८० र मस्यौदा, २०८३ तथा केही अन्तर्राष्ट्रिय अभ्यासको समीक्षा एवम् विज्ञ, सरोकारवाला र राजनीतिक दलका प्रतिनिधिसँग संवाद तथा विभिन्न पक्षबाट प्राप्त लिखित सुझावमा आधारित भई उक्त सुझाव प्रतिवेदन तयार गरिएको थियो ।

उक्त सुझाव प्रतिवेदनमा निजामती प्रशासनमा देखिएका राजनीतिक हस्तक्षेप, कार्यसम्पादनमुखी संस्कृतिको अभाव, कर्मचारी व्यवस्थापनमा असन्तुलन, समावेशिताका चुनौती, अन्तरतह समन्वयको कमजोरी र सीमित जनउत्तरदायित्वलाई विधेयकले ध्यान दिनुपर्ने सुझाइएको थियो । विधेयकलाई संविधान, सङ्घीयताको सिद्धान्त तथा सुशासन, निष्पक्षता, व्यावसायिकता, पारदर्शिता र नागरिकमैत्री सेवाका मान्यतासँग सुसङ्गत बनाउनुपर्ने आवश्यकता पनि औँल्याइएको थियो । विधायन ऐनसँगको विधेयकको तादात्म्य, निजामती सेवाका आधारभूत सिद्धान्त तथा मूल्य, प्रशासनिक सङ्घीयता लगायतका विषयमा सुझाव प्रस्तुत गरिएको थियो ।

## भूमि प्रशासन र व्यवस्थापनसम्बन्धी मौजुदा व्यवस्थामा सुधारका लागि नीति सिफारिसहरू

सङ्घीय शासन प्रणालीको कार्यान्वयनसँगै नेपालको भूमि प्रशासनमा संलग्न निकायहरूको भूमिका, जिम्मेवारी र अन्तरसरकारी समन्वयलाई थप स्पष्ट र प्रभावकारी बनाउँदै भूमि प्रशासनलाई पारदर्शी, प्रविधिमैत्री, उत्तरदायी र सेवाग्राहीमैत्री बनाउनुपर्ने आवश्यकता देखिएको छ । भूमि अभिलेखको डिजिटाइजेसन, अनलाइन सेवा विस्तार, भू-उपयोग योजना कार्यान्वयन तथा भूमि प्रशासनको आधुनिकीकरणका प्रयास भए तापनि सेवा प्रणालीको पूर्ण एकीकरण, तथ्याङ्कको विश्वसनीयता, संस्थागत क्षमता र नीतिगत समन्वयमा अपेक्षित सुधार हुन बाँकी छ । यसै सन्दर्भमा, नीति अनुसन्धान प्रतिष्ठानले भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान र सार्वजनिक, सरकारी तथा गुठी जग्गाको अतिक्रमण नियन्त्रणका उपायसम्बन्धी अध्ययनका क्रममा विद्यमान भूमि नीति, कानुन तथा संस्थागत व्यवस्थाको समीक्षा गरेको थियो ।

उक्त अध्ययनले भूमि प्रशासन तथा व्यवस्थापन प्रणालीमा सुधार गर्न समान प्रकृतिका कानुनहरूको एकीकरण, मालपोत र नापी कार्यालयहरूको एकीकरण, नापजाँचसम्बन्धी कार्यमा निजी प्राविधिक जनशक्तिको उपयोग तथा जग्गा मूल्याङ्कन, राजस्व दर निर्धारण र दाखिला प्रणालीमा सुधार गर्नुपर्ने देखाएको थियो । अध्ययनबाट आएका सिफारिसहरूमा आधारित भई प्रतिष्ठानले सम्बन्धित निकायमा नीति सिफारिस गरेको हो । जग्गा मूल्याङ्कन प्राधिकरण गठन, सार्वजनिक जग्गाको उपयोगसम्बन्धी सम्भावित अन्तरसरकारी अधिकार द्वन्द्वको सम्बोधन, भोगाधिकारको अन्त्य गरी लिज प्रणाली अनिवार्य गर्ने व्यवस्था, जग्गा नापीमा क्रमशः निश्चित सिमाना सिद्धान्त अवलम्बन तथा कृषि र औद्योगिक प्रयोजनका लागि भूमि प्राप्तिलाई सहज बनाउन दीर्घकालीन भूमि मूल्य पुनर्स्थापना योजना अघि बढाउनुपर्ने लगायतका विषयमा नीति सिफारिसहरू गरिएका थिए ।

## सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवम् संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग) को प्रतिवेदन (२०५२) र सोको कार्यान्वयनका लागि सर्वोच्च अदालतबाट जारी भएको निर्देशनात्मक आदेश (२०६७) सम्बद्ध टिप्पणीसहितको सङ्क्षेपीकरण तथा सुझाव

नेपालमा सरकारी, सार्वजनिक तथा गुठी जग्गाको संरक्षण, व्यवस्थापन र उपयोग राज्यको सार्वजनिक सम्पत्ति संरक्षण, सुशासन तथा विधिको शासनसँग प्रत्यक्ष रूपमा सम्बन्धित विषयहरू हुन् । विशेषतः सहरीकरणको तीव्र विस्तार, भूमिलाई प्राकृतिक स्रोतको रूपमाभन्दा पनि बहुमूल्य निजी सम्पत्तिको रूपमा लिइने अवस्था, कमजोर अभिलेख व्यवस्थापन, संस्थागत समन्वयको अभाव तथा विभिन्न प्रशासनिक एवम् कानुनी जटिलताका कारण काठमाडौं उपत्यकालगायत देशका विभिन्न क्षेत्रमा सरकारी, सार्वजनिक तथा गुठी जग्गामाथि अतिक्रमण, अनधिकृत उपयोग तथा अवैध दर्ताजस्ता विकृत अभ्यासहरू भइरहेका छन् । यस्तो व्यवस्थापकीय र प्राविधिक विषयले राजनीतिक स्वरूप लिँदा यो धेरै पेचिलो राष्ट्रिय सवाल बन्न पुगेको छ भने वास्तविक भूमिहीन नागरिकहरू भूमिको पहुँचबाट सधैं वञ्चित नै भइरहेका छन् । विगत ६ दशकदेखि भइरहेको सार्वजनिक/सरकारी भूमिको दोहन, अनधिकृत दर्ता, र अतिक्रमणको अवस्था पछिल्लो दुई दशकमा सबैभन्दा बढी मौलाएको केही अध्ययनहरूले देखाएका छन् ।

यसै सन्दर्भमा, तत्कालीन सरकारले सम्वत् २०५० मा काठमाडौं नगरक्षेत्रका सरकारी तथा सार्वजनिक जग्गाको अवस्था, अतिक्रमण तथा संरक्षणसम्बन्धी विषयहरूको अध्ययन, छानबिन तथा आवश्यक सुझाव प्रस्तुत गर्न वि.स. २०५० सालमा "सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवम् संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग" गठन गरेको थियो । उक्त आयोगले २०५२ सालमा प्रतिवेदन प्रस्तुत गर्दै काठमाडौं नगरक्षेत्रका सरकारी जग्गासम्बन्धी अवस्था, अनियमितता तथा संरक्षणका उपायहरूबारे विभिन्न तथ्य, निष्कर्ष र सिफारिसहरू प्रस्तुत गरेको थियो । उल्लिखितसहित यस्ता आयोगका प्रतिवेदन कार्यान्वयन, सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रणको विषयलाई लिएर सर्वोच्च अदालतमा विभिन्न सार्वजनिक सरोकारका रिट निवेदनहरू दायर भएको तथा त्यसमा अदालतबाट सरकारका नाममा आवश्यक निर्देशनात्मक आदेशहरू समेत जारी भएका छन् ।

यस सन्दर्भमा, रावल आयोगको प्रतिवेदन, २०५२ कार्यान्वयनका लागि अध्ययन गर्न अदालतको आदेश अनुसार गठित विशेषज्ञ समितिको प्रतिवेदनको कार्यान्वयनका लागि सर्वोच्च अदालतबाट नेपाल सरकारको नाममा जारी भएको निर्देशनात्मक आदेशलाई मध्यनजर गरी अध्ययन प्रतिवेदन र न्यायिक आदेशको ऐतिहासिक, कानूनी तथा नीतिगत सन्दर्भलाई सङ्क्षिप्त रूपमा समेट्ने उद्देश्यले प्रतिष्ठानले मामिला अध्ययन प्रतिवेदन तयार गरी सोही प्रतिवेदनको आधारमा नेपाल सरकारलाई केही सिफारिसहरू गरेको थियो ।

अध्ययनको निष्कर्षका आधारमा प्रतिष्ठानले रावल आयोगको प्रतिवेदन र त्यसको कार्यान्वयनका लागि सर्वोच्च अदालतबाट जारी भएको निर्देशनात्मक आदेशलाई मध्यनजर गर्दा तत्कालीन काठमाडौं नगरक्षेत्रमा विभिन्न समयमा अतिक्रमणमा परेका करिब १ हजार ९ सय रोपनी सरकारी तथा सार्वजनिक जग्गालाई अतिक्रमण मुक्त गरी पूर्ववत् स्वामित्वमा ल्याउन तथा काठमाडौं उपत्यकासहित देशका विभिन्न क्षेत्रमा यसै गरी अतिक्रमण भएका सरकारी तथा सार्वजनिक जग्गाहरूलाई अतिक्रमण मुक्त गरी तिनको संरक्षण, व्यवस्थापन तथा उपयोग गर्न तत्काल र एक वर्षभित्र गर्नुपर्ने उपायहरूबारे सुझावहरू प्रस्तुत गरेको थियो ।

## नीति प्रयोगशालाको निर्देशक समितिको बैठकमा उपस्थित भई दिइएका नीति सुझावहरू

आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमको बुँदा नं. ३० ले सार्वजनिक नीतिलाई तथ्य र प्रमाणमा आधारित बनाइने उल्लेख भएबमोजिम उक्त प्रावधानलाई कार्यान्वयनमा लैजाने सन्दर्भमा नेपाल सरकारले नीति प्रयोगशाला (Policy Lab) स्थापना गरेको थियो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा स्थापना भई २०८१ फागुनदेखि कार्यान्वयनमा आएको उक्त प्रयोगशालामा नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा नौ सदस्यीय नीति प्रयोगशाला निर्देशक समिति रहने व्यवस्थाबमोजिम उक्त समितिमा नीति अनुसन्धान प्रतिष्ठानका कार्यकारी अध्यक्ष पनि सदस्य रहेको सन्दर्भमा नीति अनुसन्धान प्रतिष्ठानले सो समितिको बैठकमा निरन्तर सहभागी भई कार्य गर्दै आएको छ ।

नेपाल सरकारका मन्त्रालय तथा निकायबाट आएका नयाँ नीति तर्जुमा र संशोधन प्रस्तावहरूमा सैद्धान्तिक सहमति प्रदान गर्ने, तिनलाई अन्य नीतिसँग सामञ्जस्य, एकरूपता र अन्तरसम्बन्ध कायम गर्न निर्देशन दिने; नीति कार्यान्वयनमा सुधार आवश्यक क्षेत्र पहिचान गरी सहजीकरण गर्ने; समसामयिक नीतिगत विषयमा अध्ययन-अनुसन्धानको आवश्यकता निर्धारण

गरी सम्बन्धित निकायलाई निर्देशन दिने तथा अनुसन्धानका निष्कर्षलाई भविष्यका नीति निर्माणमा उपयोग गर्ने नीति प्रयोगशालाको प्रमुख उद्देश्यहरू रहेका छन् ।

नीति प्रयोगशालाको निर्देशक समितिको बैठकमा उपस्थित भई यस अवधिमा प्रतिष्ठानले विभिन्न दुई वटा नीतिहरूउपर आफ्ना राय सुझाव दिएको थियो ।

छलफलमा सहभागी हुनुपूर्व सम्बन्धित नीतिहरूमा राय सुझावका लागि प्रतिष्ठानले सम्बन्धित विधामा दखल राख्ने अनुसन्धान समूहका अध्येताहरूको आन्तरिक रूपमा अध्ययन टोली गठन गरी राय सुझाव तय गर्दै आएको छ ।

| क्र.सं. | नीति प्रयोगशाला निर्देशक समितिको बैठक मिति | छलफल भएको राष्ट्रिय नीति |
|---|---|---|
| १ | २०८३/०३/१५ | - राष्ट्रिय संस्कृति नीति, २०८३<br>- राष्ट्रिय झोलुङ्गेपुल नीति, २०८२ |

## सार्वजनिक नीति संवाद

अनुसन्धान आवश्यकता पहिचान गर्न, प्रमाणमा आधारित अनुसन्धान हुने सुनिश्चित गर्न, अनुसन्धानको निष्कर्षलाई मान्यता दिन, अनुसन्धान प्रतिवेदनहरू समीक्षा गर्न तथा सरोकारवालाहरूबिच अनुसन्धान निष्कर्षहरू आदानप्रदान गर्नको लागि प्रतिष्ठानले विभिन्न तहमा सहकार्य र समन्वय गर्दै आएको छ । प्रतिष्ठानले सरोकारवालाहरूको संलग्नतामा सार्वजनिक नीति संवाद पनि गर्दै आएको छ । यस सम्बन्धमा प्रतिष्ठानले यस अवधिमा निम्नानुसारको नीति संवादहरू आयोजना गऱ्यो ।

### राष्ट्रिय हवाई नीतिको मस्यौदा, २०८३ मा पृष्ठपोषणका लागि सरोकारवालाहरूसँग नीति संवाद

नीति अनुसन्धान प्रतिष्ठानले नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा तयार पारिएको राष्ट्रिय हवाई नीति, २०८३ (मस्यौदा) मा राय तथा सुझाव सङ्कलन गर्ने उद्देश्यले असार १६ गते सार्वजनिक नीति संवाद कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, अन्य सरकारी निकाय, नियामक संस्था, वायुसेवा कम्पनी, विषय विज्ञ तथा नीति अनुसन्धान प्रतिष्ठानका प्रतिनिधिसहित कुल ४३ जना सहभागी रहेका थिए । कार्यक्रमको उद्देश्य राष्ट्रिय हवाई नीतिको मस्यौदालाई प्रमाणमा आधारित सुझाव मार्फत थप परिमार्जन गरी कार्यान्वयनयोग्य, समसामयिक र अन्तर्राष्ट्रिय मापदण्डअनुकूल बनाउन आवश्यक नीतिगत पृष्ठपोषण प्रदान गर्नु रहेको थियो ।



कार्यक्रमको सहजीकरण सहअनुसन्धानकर्ता गोपाल आचार्यले गर्नुभएको थियो । सुरुआतमा कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईले प्रतिष्ठानले नीति मस्यौदामा पृष्ठपोषण प्रदान गर्ने विधि र प्रक्रियाबारे जानकारी गराउनुभएको थियो भने वरिष्ठ अनुसन्धानकर्ता तथा अनुसन्धान विभाग प्रमुख डा. दीपक कुमार खड्काले राष्ट्रिय हवाई नीति, २०८३ को पृष्ठभूमि, नीति संरचना, कार्यान्वयन व्यवस्था, नीति विश्लेषणका आधार, अन्तर्राष्ट्रिय अभ्यास तथा पृष्ठपोषण प्रतिवेदन तयार गर्ने कार्यविधिबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

छलफलका क्रममा सहभागीहरूले कर तथा भन्सार नीतिमा सुधार, निजी क्षेत्र र विदेशी लगानीको भूमिका, विमानस्थल तथा वायुसेवा सञ्चालनको लाभप्रदता, पूर्वाधारको प्रभावकारी उपयोग, जनशक्ति व्यवस्थापन, सुरक्षा मापदण्ड, सेवा गुणस्तर, अन्तर्राष्ट्रिय व्यापार तथा पर्यटनसँग उड्डयन क्षेत्रको समन्वय, द्विपक्षीय हवाई सम्झौतामा पारस्परिकता तथा आधुनिक प्रविधिको प्रयोगलाई नीतिमा थप स्पष्ट र कार्यान्वयनमुखी बनाउनुपर्ने सुझाव प्रस्तुत गर्नुभएको थियो । साथै, अन्तरनीति तथा अन्तरमन्त्रालय समन्वय सुदृढ गर्दै नीतिलाई व्यावहारिक, प्रतिस्पर्धी र दीर्घकालीन रूपमा प्रभावकारी बनाउने विषयमा विशेष जोड दिइएको थियो ।

कार्यक्रमको अन्त्यमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका प्रतिनिधिहरूले नीति संवादबाट प्राप्त सुझावहरू तथा नीति अनुसन्धान प्रतिष्ठानले तयार गर्ने पृष्ठपोषण प्रतिवेदनका आधारमा राष्ट्रिय हवाई नीति, २०८३ लाई अन्तिम रूप दिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । साथै, प्रतिष्ठानले प्रमाणमा आधारित नीति निर्माणलाई थप सुदृढ बनाउन पृष्ठभूमिपत्र तथा विस्तृत पृष्ठपोषण प्रतिवेदन तयार गरी मन्त्रालयलाई उपलब्ध गराउने जानकारी दिएको थियो ।

## चिकित्सा शिक्षा आयोगको चिकित्सा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता तथा दिगोपनाको मूल्याङ्कनसम्बन्धी अध्ययनको प्रारम्भिक नतिजामाथि छलफल तथा नीति संवाद

प्रतिष्ठानद्वारा सञ्चालित "चिकित्सा शिक्षा आयोगको चिकित्सा छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता तथा दिगोपनाको मूल्याङ्कन" अध्ययनअन्तर्गत प्रारम्भिक नतिजा प्रसार तथा नीति संवाद कार्यक्रम असार १० गते सम्पन्न भयो । कार्यक्रममा स्वास्थ्य, चिकित्सा शिक्षा, नीति निर्माण तथा सम्बन्धित क्षेत्रका विज्ञ, सरोकारवाला निकायका प्रतिनिधि, अध्ययन टोली तथा प्रतिष्ठानका प्रतिनिधिसहित कुल ५२ जना सहभागी रहेका थिए । कार्यक्रमको उद्देश्य चिकित्सा शिक्षा आयोगको छात्रवृत्ति कार्यक्रमले नेपालको स्वास्थ्य जनशक्ति विकास, दुर्गम क्षेत्रमा चिकित्सकको उपलब्धता तथा स्वास्थ्य सेवा पहुँचमा पारेको प्रभावको मूल्याङ्कन गर्दै यसको दीर्घकालीन दिगोपनाका लागि आवश्यक नीतिगत सुधारका आधारहरूबारे छलफल गर्नु रहेको थियो ।



प्रतिष्ठानका विश्लेषक प्राञ्जल रिजाल र प्रशिक्षार्थी कुसुम ढुङ्गानाले सहजीकरण गर्नुभएको उक्त कार्यक्रममा प्रतिष्ठानका कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईले स्वागत मन्तव्य व्यक्त गर्दै अध्ययनको सान्दर्भिकता र नीतिगत महत्त्वबारे

प्रकाश पार्नुभएको थियो। अनुसन्धान टोलीका अशोक पाण्डे र डा. देजिना थापाले अध्ययनको पृष्ठभूमि, उद्देश्य, अनुसन्धान विधि, प्रमुख निष्कर्ष तथा प्रारम्भिक नीतिगत सिफारिसहरू प्रस्तुत गर्नुभएको थियो। प्रस्तुतिमा छात्रवृत्ति कार्यक्रमले स्वास्थ्य जनशक्ति उत्पादन, स्वास्थ्य सेवाको पहुँच विस्तार तथा दुर्गम क्षेत्रमा चिकित्सकको उपलब्धतामा पुऱ्याएको योगदानका साथै कार्यान्वयनका चुनौतीहरू र सुधारका सम्भावित उपायहरूबारे विस्तृत चर्चा गरिएको थियो।

प्रस्तुतीकरणपछिको छलफलमा सहभागीहरूले छात्रवृत्ति कार्यक्रमको प्रभावकारी कार्यान्वयन, सेवा बन्धनको व्यवस्थापन, स्वास्थ्य जनशक्तिको समतामूलक वितरण, गुणस्तरीय चिकित्सा शिक्षा तथा कार्यक्रमको दीर्घकालीन दिगोपनाका लागि आवश्यक कानुनी, नीतिगत र संस्थागत सुधारका विषयमा महत्त्वपूर्ण सुझावहरू प्रस्तुत गर्नुभएको थियो। साथै, स्वास्थ्य प्रणालीको आवश्यकता र मानव स्रोत योजनाबिच प्रभावकारी समन्वय कायम गर्नुपर्ने तथा प्रमाणमा आधारित नीति निर्माणलाई थप सुदृढ बनाउनुपर्नेमा विशेष जोड दिइएको थियो।

कार्यक्रममा चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्रा.डा. श्रीकृष्ण गिरीले कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा भावी नीतिगत सुधारका सम्बन्धमा आफ्नो धारणा व्यक्त गर्नुभएको थियो। कार्यक्रमको अन्त्यमा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. दीपक कुमार खड्काले धन्यवाद ज्ञापन गर्दै सहभागीहरूबाट प्राप्त सुझावहरू अध्ययनको अन्तिम प्रतिवेदन र नीतिगत सिफारिसहरूलाई थप परिष्कृत, व्यावहारिक र प्रभावकारी बनाउन समावेश गरिने बताउनुभयो।

## एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा प्रणालीको विकास सम्बन्धमा सार्वजनिक नीति संवाद

प्रतिष्ठानले जेठ ८ गते सामाजिक सुरक्षा प्रणालीको एकीकरण सम्बन्धमा भइरहेको अध्ययनको प्रारम्भिक मस्यौदा प्रतिवेदनका निष्कर्ष तथा सिफारिसहरूको प्रमाणीकरणका लागि "एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा प्रणालीको विकास" शीर्षकमा एक सार्वजनिक नीति संवाद कार्यक्रम आयोजना गऱ्यो। उक्त कार्यक्रममा नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकाय, सामाजिक सुरक्षा तथा वित्तीय कोषका प्रतिनिधि, विकास साझेदार संस्था, विषय विज्ञ तथा अन्य सरोकारवालासहित ३७ जना सहभागीहरूको उपस्थिति रहेको थियो। कार्यक्रमको मुख्य उद्देश्य नेपालमा विद्यमान छरपस्ट सामाजिक सुरक्षा कार्यक्रमहरूलाई एकीकृत संरचनामा रूपान्तरण गर्दै सामाजिक न्याय, वित्तीय दिगोपन र सेवा प्रभावकारिता अभिवृद्धि गर्ने नीतिगत आधार तयारीका लागि सुझाव प्राप्त गर्नु रहेको थियो।




कार्यक्रमको सुरुआतमा प्रतिष्ठानका कार्यालय प्रबन्धक श्री लक्ष्मण प्रसाद भट्टराईले स्वागत मन्तव्य दिँदै कार्यक्रमको औचित्य र सान्दर्भिकताबारे प्रकाश पार्नुभएको थियो भने वरिष्ठ अनुसन्धानकर्ता तथा अनुसन्धान विभाग प्रमुख डा. दीपक कुमार खड्काले अध्ययन प्रतिवेदन प्रस्तुत गर्दै नेपालमा सामाजिक सुरक्षा कार्यक्रमको विकासक्रम, विद्यमान संरचनागत समस्या, दोहोरोपन, असमानता, प्रशासनिक जटिलता तथा एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचनाको आवश्यकता र सम्भावित मार्गचित्रबारे विस्तृत व्याख्या गर्नुभएको थियो।

छलफलमा सहभागीहरूले सामाजिक सुरक्षा प्रणालीको एकीकरणलाई केवल प्रशासनिक सुधार नभई सामाजिक न्याय, समावेशी विकास र राज्यको लोककल्याणकारी भूमिकासँग प्रत्यक्ष रूपमा जोडिएको संरचनात्मक सुधारका रूपमा लिनुपर्नेमा जोड दिएका थिए । साथै, विभिन्न मन्त्रालय तथा निकाय मार्फत सञ्चालन भइरहेका ८७ भन्दा बढी सामाजिक सुरक्षा कार्यक्रमहरूबिच समन्वयको अभाव, स्रोतको दोहोरो उपयोग, पारदर्शिताको कमी तथा सेवा वितरणमा असमानताजस्ता समस्या रहेको उल्लेख गर्दै एकीकृत प्रणालीको आवश्यकता औंल्याइएको थियो । यद्यपि, एकीकरणका लागि नीतिगत स्पष्टता, प्राविधिक तयारी, संस्थागत क्षमता र कार्यान्वयनयोग्य संरचनामा विशेष ध्यान दिनुपर्नेमा सहभागीहरूको साझा धारणा रहेको थियो ।

कार्यक्रमको अन्त्यमा सञ्चालनकर्ता डा. गिरीराज शर्माले सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै प्राप्त सुझावहरू आगामी अध्ययन तथा नीतिगत सिफारिसहरूमा समावेश गरिने उल्लेख गर्दै कार्यक्रम सम्पन्न गर्नुभएको थियो ।

## नेपालको सौम्य शक्तिसम्बन्धी रणनीति विषयक सार्वजनिक नीति संवाद

प्रतिष्ठानले वैशाख ३१ गते नेपालको सौम्य शक्ति (soft power) का स्रोतहरूको पहिचान, प्रवर्धन र उपयोगसम्बन्धी बहुआयामिक नीति संवाद आयोजना गर्‍यो । ब्रान्ड फाइनान्सद्वारा निर्धारण गरिएका आठ आधार स्तम्भलाई ध्यानमा राखी आयोजित उक्त कार्यक्रममा सरकारका सरोकारवाला मन्त्रालय, प्राज्ञ, विषय विज्ञ तथा प्रतिष्ठानका प्रतिनिधिहरूसहित ४९ जना सहभागी रहेका थिए । कार्यक्रमको मुख्य उद्देश्य नेपालको अन्तर्राष्ट्रिय छवि, कूटनीतिक प्रभाव, सामाजिक-आर्थिक विकास तथा विश्वस्तरमा प्रतिस्पर्धी राष्ट्र ब्रान्ड निर्माणका सम्भावनाबारे विमर्श गर्नु रहेको थियो ।




कार्यक्रमको सुरुआतमा प्रतिष्ठानका कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईले स्वागत मन्तव्य राख्दै नीति अनुसन्धानको भूमिका र महत्त्वबारे प्रकाश पार्नुभएको थियो भने वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारीले व्यवसाय तथा व्यापार, सुशासन, अन्तर्राष्ट्रिय सम्बन्ध, संस्कृति तथा सम्पदा, मिडिया तथा सञ्चार, शिक्षा तथा विज्ञान-प्रविधि, मानव तथा मूल्यमान्यता र दिगो भविष्य गरी आठ आधार स्तम्भको सन्दर्भमा नेपालको सम्भावनाबारे प्रस्तुति दिनुभएको थियो ।

छलफलमा सहभागीहरूले नेपालको सौम्य शक्ति रणनीतिलाई केवल सांस्कृतिक सम्पदासम्म सीमित नराखी सुशासन, नवप्रवर्तन, शिक्षा, पर्यटन, व्यवसाय तथा कूटनीतिक प्रभावसँग जोडेर अघि बढाउनुपर्ने धारणा व्यक्त गरेका थिए । साथै, सबै सरोकारवालाबिच समन्वित प्रयास मार्फत नेपाललाई विश्व समुदायमा सकारात्मक, विश्वसनीय र प्रभावशाली राष्ट्रका रूपमा स्थापित गर्न सकिनेमा जोड दिइएको थियो ।

कार्यक्रमको अन्त्यमा कार्यालय प्रबन्धक भट्टराईले सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै प्राप्त सुझावहरू नेपालको सौम्य शक्ति रणनीति निर्माण र नीतिगत बहसमा उपयोगी हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

## सङ्घीय निजामती सेवा विधेयक, २०८३ को मस्यौदाउपर पृष्ठपोषण लिने प्रयोजनार्थ सार्वजनिक नीति संवाद

प्रतिष्ठानले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा प्रस्तावित सङ्घीय निजामती सेवा विधेयक, २०८३ को मस्यौदामा सुधारका लागि पृष्ठपोषण सङ्कलन गर्ने उद्देश्यले वैशाख २२ गते सार्वजनिक नीति संवाद कार्यक्रम आयोजना गऱ्यो । सार्वजनिक सेवाका विज्ञ, नेपाल सरकारका पूर्वसचिवहरू, कानुनी विशेषज्ञ तथा राजनीतिक दलका प्रतिनिधिसहित विभिन्न २९ जना सरोकारवालाहरूको सहभागिता सम्पन्न उक्त कार्यक्रममा विधेयकको प्रणालीगत सुधार, सङ्घीय प्रशासन सुदृढीकरण तथा सेवा प्रवाहको प्रभावकारिता विषयमा छलफल गरिएको थियो ।




कार्यक्रमको सुरुआतमा प्रतिष्ठानका कार्यालय प्रबन्धक श्री लक्ष्मण प्रसाद भट्टराईले स्वागत मन्तव्य दिनुभएको थियो भने वरिष्ठ अनुसन्धानकर्ता डा. दीपक कुमार खड्काले विधेयकका मुख्य प्रावधानहरू, नीतिगत आधार र सुधार आवश्यकतामाथि विस्तृत प्रस्तुति दिनुभएको थियो । छलफलबाट निजामती सेवामा योग्यतामा आधारित प्रणाली, राजनीतिक हस्तक्षेप न्यूनीकरण, प्रशासनिक सङ्घीयता सुदृढीकरण, लचिलो मानव संसाधन व्यवस्थापन, ल्याटरल इन्ट्रीको व्यवस्थापन, उमेर हद पुनरावलोकन, कार्यसम्पादन सूचकमा आधारित उत्तरदायित्व तथा एकीकृत निजामती ऐनको आवश्यकताजस्ता विषयमा महत्त्वपूर्ण सुझावहरू आएका थिए ।

## स्वास्थ्य बीमा कार्यक्रमका समस्या र समाधानका उपायहरू विषयमा सार्वजनिक नीति संवाद

प्रतिष्ठानले "स्वास्थ्य बीमा कार्यक्रमका समस्या र समाधानका उपायहरू" विषयमा फागुन १५ गते सार्वजनिक नीति संवाद आयोजना गऱ्यो । स्वास्थ्य बीमा कार्यक्रमको वर्तमान अवस्था, कार्यान्वयनका चुनौतीहरू तथा सुधारका सम्भावित उपायहरूबारे बहुपक्षीय दृष्टिकोणबाट छलफल गरी अध्ययनका लागि आवश्यक तथ्याङ्क तथा सुझाव सङ्कलन गर्ने उद्देश्यले सम्पन्न उक्त कार्यक्रममा स्वास्थ्य बीमा बोर्ड, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, अर्थ मन्त्रालय, सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने सार्वजनिक निकायहरू, सरकारी, सामुदायिक तथा निजी अस्पतालका प्रतिनिधिहरू, विषय विज्ञहरू तथा नीति अनुसन्धान प्रतिष्ठानका अनुसन्धानकर्मीसहित ४९ जनाको सहभागिता थियो ।

कार्यक्रममा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. दीपक कुमार खड्काले "स्वास्थ्य बीमा कार्यक्रमलाई दह्रोसँग उभिन किन र कसरी दिनुपर्छ ?" शीर्षकमा पृष्ठभूमि प्रस्तुतीकरण गर्नुभएको थियो । प्रस्तुतिपछि भएको छलफलमा स्वास्थ्य बीमा कार्यक्रमका नीतिगत, संस्थागत तथा व्यवस्थापकीय पक्षहरूमाथि विमर्श गरिएको थियो । छलफलका क्रममा औपचारिक क्षेत्रका कर्मचारीहरूको स्वास्थ्य बीमामा अनिवार्य सहभागितासम्बन्धी कानुनी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको, बीमितहरूको सहभागिता अपेक्षाकृत न्यून रहेको, प्रतिकूल छनोट तथा नैतिक जोखिमका समस्या विद्यमान रहेको र सामाजिक स्वास्थ्य सुरक्षाको अवधारणालाई व्यापारिक दृष्टिकोणबाट हेर्ने प्रवृत्तिले कार्यक्रमको उद्देश्यमा असर पुऱ्याएको विषयहरू उठाइएका थिए ।




सहभागीहरूले स्वास्थ्य सेवा प्रदायकहरूले भुक्तानी बक्यौताको कारण भोग्नुपरेका समस्या, सेवाग्राहीले सामना गरिरहेका सेवा पहुँच र गुणस्तरसँग सम्बन्धित चुनौतीहरू तथा कार्यक्रमको वित्तीय दिगोपनासम्बन्धी चिन्ताहरू पनि औँल्याएका थिए। यसका साथै, मौजुदा कानुनी तथा नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरूको एकीकरण, स्वास्थ्य बीमा बोर्डको संस्थागत सबलीकरण, बीमा योजनाको विविधीकरण तथा सम्पूर्ण व्यवस्थापन प्रणालीलाई डिजिटल प्रविधिमा आधारित बनाउने विषयमा पनि महत्त्वपूर्ण सुझावहरू प्रस्तुत गरिएका थिए।

### नेपालमा प्रत्यक्ष वैदेशिक लगानीको प्रतिबद्धता र वास्तविक लगानी प्राप्ति विषयक सार्वजनिक नीति संवाद

प्रतिष्ठानले फागुन, १२ गते "नेपालमा प्रत्यक्ष वैदेशिक लगानीको प्रतिबद्धता र वास्तविक लगानी प्राप्ति" विषयमा सार्वजनिक नीति संवाद आयोजना गर्‍यो। प्रतिष्ठानले सञ्चालन गर्दै आएको अध्ययन अन्तर्गत नेपालमा प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता र वास्तविक लगानी प्रवाहबिच देखिएको अन्तरका कारण पहिचान गर्नु र नीति सुधारका लागि आधार तयार गर्नु उक्त कार्यक्रमको उद्देश्य थियो।



कार्यक्रममा लगानी बोर्ड नेपाल, अर्थ मन्त्रालय, उद्योग विभाग, नेपाल धितोपत्र बोर्ड, परराष्ट्र मन्त्रालय, बैंक तथा वित्तीय संस्था, निजी क्षेत्र, पर्यटन तथा कानुनी क्षेत्र र अन्तर्राष्ट्रिय शैक्षिक संस्थाका प्रतिनिधिहरूसहित ३१ जनाको सहभागिता थियो।

प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. कल्पना खनालले अध्ययनको प्रारम्भिक निष्कर्ष प्रस्तुत गर्दै प्रतिबद्धता र कार्यान्वयनबिचको संरचनात्मक, नियामकीय, वित्तीय तथा समन्वयसम्बन्धी अन्तरबारे प्रकाश पार्नुभएको थियो । साथै, नेपाल सरकारका पूर्वसचिव तथा पूर्वराजदूत चन्द्रकुमार घिमिरेले आर्थिक कूटनीति, नीतिगत स्थायित्व, लगानी सहजीकरण, ब्रान्ड नेपाल र ब्राउनफिल्ड परियोजनाको प्रवर्धनजस्ता विषयमा विस्तृत प्रस्तुति दिनुभएको थियो ।

छलफलका क्रममा सहभागीहरूले लगानी प्रक्रियागत जटिलता, नियामकीय अस्थिरता, वित्तीय पहुँच, परियोजना स्वीकृतिको ढिलाइ तथा समन्वय अभावजस्ता समस्या औंल्याउँदै सुधारका सुझाव प्रस्तुत गरेका थिए । बैंकिङ क्षेत्रले स्वीकृत परियोजनाहरू कार्यान्वयनमा नजाने समस्या उठाएको थियो भने कानुनी तथा नीतिगत विज्ञहरूले नीतिगत स्थायित्व र कार्यान्वयनयोग्य सम्झौताको आवश्यकता औंल्याएका थिए।

त्यसैगरी, फरक सरोकारवालाहरूको राय लिने उद्देश्यले फागुन १४ गते पनि सोही किसिमको कार्यक्रममा निजी क्षेत्रका व्यावसायिक संस्था, उद्योग तथा वाणिज्य सङ्गठन, लगानी प्रवर्धनसँग सम्बन्धित निकाय, बहुपक्षीय संस्थाका पूर्व अन्तर्राष्ट्रिय पेसाकर्मी, अनुसन्धान संस्थाका प्रतिनिधिसहित गरी ३९ जना सहभागी रहेका थिए।

छलफलमा सहभागीहरूले वैदेशिक लगानी स्वीकृतिपश्चात् कार्यान्वयन चरणमा देखापर्ने व्यावहारिक समस्याहरूलाई जोडदार रूपमा उठाएका थिए। विशेषगरी अनलाइन व्यवसाय दर्ता प्रणालीको सीमित प्रभावकारिता, श्रमसम्बन्धी जटिलता, विदेशी लगानीकर्ता तथा प्राविधिक जनशक्तिको भिसा प्रक्रियामा हुने ढिलाइ, नियामकीय अस्पष्टता तथा पारदर्शिताको अभावलाई प्रमुख अवरोधका रूपमा उल्लेख गरिएको थियो। एकद्वार सेवा केन्द्रको व्यवस्था भए तापनि व्यवहारमा लगानीकर्ताले विभिन्न निकाय धाउनुपर्ने अवस्था कायम रहेको, नाफा तथा लगानी प्रतिफल फिर्ता प्रक्रियामा जटिलता रहेको, दोहोरो करसम्बन्धी व्यवस्था स्पष्ट नभएको तथा केही क्षेत्रमा बजार विकृति र कार्टेल अभ्यासको प्रभाव देखिएको विषयमा पनि सहभागीहरूले चिन्ता व्यक्त गरेका थिए।

## बहुपक्षीय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको अझ सशक्त उपस्थितिका लागि अपनाउनुपर्ने रणनीतिहरूसम्बन्धी सार्वजनिक नीति संवाद

प्रतिष्ठानले फागुन ५ गते "बहुपक्षीय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको थप सशक्त उपस्थितिका लागि अपनाउनुपर्ने रणनीतिहरू सम्बन्धमा" सार्वजनिक नीति संवाद आयोजना गऱ्यो। प्रतिष्ठानले सञ्चालन गरिरहेको अनुसन्धान परियोजनाका लागि गुणात्मक तथ्याङ्क तथा सरोकारवाला पृष्ठपोषण सङ्कलन गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रममा बहुपक्षीय संस्थाहरूमा कार्यानुभव हासिल गरेका नेपाली अन्तर्राष्ट्रिय पेसाकर्मीहरू गरी ३७ जनाको सहभागिता रहेको थियो।



प्रतिष्ठानका अनुसन्धानकर्ता डा. हरि प्रकाश चन्दले सञ्चालन गर्नुभएको उक्त कार्यक्रमको प्रारम्भमा प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले आफ्ना भनाइ राख्नुभएको थियो भने बहुपक्षीय संस्थाका पूर्वअन्तर्राष्ट्रिय पेसाकर्मीहरूको संस्थाका महासचिव सम्झना श्रेष्ठले अन्तर्राष्ट्रिय अनुभव र विज्ञताको उपयोगका दृष्टिले संवादको महत्त्वमाथि प्रकाश पार्नुभएको थियो ।

प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारीले प्रारम्भिक प्रस्तुतीकरण मार्फत बहुपक्षीयता, न्यायपूर्ण र समानतामा आधारित विश्वव्यवस्था तथा नेपालको परराष्ट्र नीतिमा बहुपक्षीय कूटनीतिको भूमिकाबारे चर्चा गर्नुभएको थियो । संवादमा नेपालको बहुपक्षीय कूटनीतिको वर्तमान अवस्था, अन्तर्राष्ट्रिय संस्थाहरूमा नेतृत्वदायी तथा कार्यकारी पदमा नेपालीहरूको प्रतिनिधित्व बढाउने रणनीति, तथा नेपाल सदस्य भएका अन्तर्राष्ट्रिय मञ्चहरूमा अझ प्रभावकारी भूमिका निर्वाह गर्ने उपायहरूबारे गहन छलफल भएको थियो । सहभागीहरूले केवल सदस्यता वा सहभागिताले मात्र सशक्त उपस्थिति सुनिश्चित नहुने, बरु नेतृत्वदायी भूमिकामा पुगेर तथा संस्थागत तहमा सक्रिय र प्रभावकारी योगदान मार्फत नेपालको अन्तर्राष्ट्रिय उपस्थिति बलियो बनाउन सकिने धारणा व्यक्त गरेका थिए । नेपालको संवैधानिक मूल्य-मान्यता, संयुक्त राष्ट्रसंघको वडापत्र, विश्वशान्ति, अन्तर्राष्ट्रिय कानुन, राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता तथा विकास आवश्यकतालाई मध्यनजर गर्दा बहुपक्षीयता नेपालको परराष्ट्र नीतिको मेरुदण्ड रहेको विषयमा सहभागीहरू एकमत देखिएका थिए ।

साथै, अन्तर्राष्ट्रिय संस्थाहरूमा कार्यरत नेपालीहरूको ज्ञान, सीप र अनुभवलाई राष्ट्रिय हितसँग जोड्न सरकार सक्रिय हुनुपर्ने, त्यस्ता व्यक्तित्वहरूको अभिलेखीकरण गरी आवश्यकताअनुसार परिचालन गर्नुपर्ने तथा राष्ट्रिय प्राथमिकता र हितका विषयलाई स्पष्ट रूपमा परिभाषित गरी बहुपक्षीय मञ्चहरूबाट अधिकतम लाभ लिनुपर्ने सुझावहरू पनि प्रस्तुत गरिएका थिए ।

## राष्ट्रिय सुरक्षामा साइबर अपराधले पार्ने प्रभाव र नियन्त्रणका उपायहरूसम्बन्धी सार्वजनिक नीति संवाद

प्रतिष्ठानले माघ २७ गते "राष्ट्रिय सुरक्षामा साइबर अपराधले पार्ने प्रभाव र नियन्त्रणका उपायहरू" विषयक सार्वजनिक नीति संवाद कार्यक्रम आयोजना गर्‍यो । आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन भइरहेको "नेपालमा साइबर अपराधको अवस्था र यसले राष्ट्रिय सुरक्षामा पार्ने प्रभाव र नियन्त्रणका उपायहरू" शीर्षकको अनुसन्धान परियोजनाको सन्दर्भमा नेपालमा साइबर अपराधको वर्तमान अवस्था, यसले राष्ट्रिय सुरक्षामा पार्न सक्ने प्रभाव तथा सम्भावित जोखिमहरू, र यसको नियन्त्रणका लागि आवश्यक नीति तथा संस्थागत उपायहरूबारे सरोकारवालाहरूको राय सङ्कलन गर्ने उद्देश्यले उक्त संवाद आयोजना गरिएको थियो ।



छलफलमा साइबर अपराधको स्वरूप तीव्र रूपमा जटिल बन्दै गएको, विद्यमान कानुनी तथा संस्थागत संरचना अपर्याप्त रहेको, अन्तर्राष्ट्रिय समन्वय कमजोर रहेको तथा प्रविधिगत विकाससँगै नयाँ-नयाँ सुरक्षा चुनौतीहरू थपिँदै गएको धारणा आएका थिए । साथै, पछिल्लो समयमा साइबर सुरक्षा केवल प्राविधिक विषयमात्र नभई राष्ट्रिय सुरक्षाको अभिन्न अङ्ग

बनिसकेको बताउँदै सूचना प्रविधि तथा दक्ष जनशक्ति विकासमा राज्यले लगानी बढाउनुपर्ने, नियमित साइबर अडिट गर्नुपर्ने, डेटा केन्द्रहरूको सुरक्षाका लागि कडा प्रोटोकल निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने तथा देशका चार सुरक्षा निकायहरूबिच समन्वयका लागि "एकीकृत साइबर सुरक्षा सेल" स्थापना गर्नुपर्ने सुझावहरू समेत प्रस्तुत गरिएको थियो ।

## राष्ट्रिय आवास नीति, २०६८ को पुनरावलोकनार्थ सार्वजनिक नीति संवाद

प्रतिष्ठानले माघ २२ गते "राष्ट्रिय आवास नीति, २०६८ को पुनरावलोकनः नेपालको परिवर्तनशील सामाजिक-आर्थिक परिवेशमा नीतिगत मार्गनिर्देश" शीर्षकको अनुसन्धान अध्ययनको सन्दर्भमा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनुरोधमा सञ्चालित आर्थिक वर्ष २०८२/८३ को माइलस्टोन अनुसन्धान परियोजनाअन्तर्गत सार्वजनिक नीति संवाद आयोजना गर्‍यो । सरोकारवालाहरूलाई एकै थलोमा ल्याई उक्त नीतिको पृष्ठभूमि, विकासक्रम, उपलब्धि तथा सीमाहरूको मूल्याङ्कन गर्नुका साथै सङ्घीय पुनर्संरचना, द्रुत सहरीकरण, आन्तरिक बसाइँसराइ र आवास अधिकारका सन्दर्भमा भावी नीतिगत दिशाको पहिचान तथा प्रतिक्रिया सङ्कलन गर्नु उक्त कार्यक्रमको उद्देश्य थियो ।




कार्यक्रममा सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारी निकाय, सहरी विकास, भूमि व्यवस्थापन तथा योजनासम्बन्धी निकाय, वित्तीय तथा नियामक संस्था, निजी क्षेत्र, भाडादार तथा आवास संघ, नागरिक समाज, गैरसरकारी संस्था, शैक्षिक निकाय, सहरी योजना तथा आवास विज्ञहरू गरी ४६ जना सहभागी रहेका थिए ।

प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. कल्पना खनालले सञ्चालन गर्नुभएको उक्त कार्यक्रमको प्रारम्भमा प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माले स्वागत मन्तव्य दिनुभएको थियो । प्रतिष्ठानका अनुसन्धानकर्ता डा. प्रदीप पन्थीले राष्ट्रिय आवास नीति, २०६८ का मुख्य विशेषताहरू प्रस्तुत गर्दै द्रुत सहरीकरण, बसाइँसराइ, रेमिट्यान्स-आधारित अर्थतन्त्र, आवास वित्त, भूकम्पपछिको पुनर्निर्माण तथा सङ्घीय संरचनामा संस्थागत समन्वयका चुनौतीहरूबिच नीतिको सान्दर्भिकताबारे प्रकाश पार्नुभएको थियो ।

छलफलमा सङ्घीय संरचनामा संस्थागत समन्वय, भूमि व्यवस्थापन तथा भू-उपयोग योजना, आवास वित्त प्रणाली, भूकम्पपछिको पुनर्निर्माण, द्रुत सहरीकरण, आवास अधिकार, किफायती तथा सुरक्षित आवास, विपद् जोखिम व्यवस्थापन र भाडा आवासको बढ्दो महत्त्वजस्ता विषयहरूमा सरोकारवालाहरूले आ-आफ्ना धारणा व्यक्त गर्दै नीति कार्यान्वयनमा देखिएका कमजोरी, समन्वय अभाव, नियामक ढिलाइ तथा वित्तीय सीमितताहरू उजागर गरेका थिए ।

समग्रमा, उक्त कार्यक्रमले नीतिको पुनरावलोकनका लागि प्रभावकारी बहुसरोकारवाला मञ्चको रूपमा कार्य गर्दै सङ्घीय संरचनामा संस्थागत समन्वय सुदृढ गर्नुपर्ने, भूमि व्यवस्थापन सुधार गर्नुपर्ने, आवास वित्त प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने तथा भू-उपयोग र सहरी विकासलाई एकीकृत गर्नुपर्ने आवश्यकतामा जोड दिँदै आवासलाई सामाजिक वस्तुको रूपमा हेरी

किफायती, सुरक्षित, पहुँचयोग्य र दिगो आवास प्रणाली विकास गर्न नीतिगत पुनरावलोकन र प्रभावकारी कार्यान्वयन संयन्त्र अपरिहार्य रहेको निष्कर्ष निकालेको थियो ।

### नेपालमा विश्वविद्यालयहरूको शासकीय प्रणाली सुधारको आवश्यकतासम्बन्धी सार्वजनिक नीति संवाद

नेपालका विश्वविद्यालयहरूमा देखिँदै आएका संरचनागत समस्या, राजनीतिक हस्तक्षेप, स्रोत अभाव तथा कमजोर अनुसन्धान संस्कृतिका सन्दर्भमा शासकीय सुधारका नीतिगत विकल्प पहिचान गर्ने उद्देश्यले प्रतिष्ठानले माघ ४ गते "नेपालमा विश्वविद्यालय शासकीय प्रणालीको सुधारः आवश्यकता र आगामी बाटो" विषयक सार्वजनिक नीति संवाद कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा उच्च शिक्षासम्बन्धी नीति निर्माणमा संलग्न निकाय, विश्वविद्यालयका पूर्व तथा वर्तमान नेतृत्व तह, शिक्षाविद्, राजनीतिक दलका प्रतिनिधि, विश्वविद्यालय अनुदान आयोगका अधिकारी तथा अनुसन्धान क्षेत्रका विज्ञहरू गरी ३४ जनाको सहभागिता थियो ।

प्रतिष्ठानका सहअनुसन्धानकर्ता गोपाल आचार्यले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा. डा. लेखनाथ शर्माले स्वागत मन्तव्य दिँदै विश्वविद्यालय शासकीय सुधारलाई उच्च शिक्षाको गुणस्तर र राष्ट्रिय विकाससँग प्रत्यक्ष जोडिएको विषयका रूपमा प्रस्तुत गर्नुभयो । कार्यक्रममा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. दीपक कुमार खड्काले नेपालको विश्वविद्यालय शासन संरचना, नीतिगत दस्तावेजहरू तथा विभिन्न आयोगका प्रतिवेदनहरूको तुलनात्मक विश्लेषण प्रस्तुत गर्दै शासकीय सुधारका आवश्यक दिशाहरूबारे प्रस्तुतीकरण दिनुभएको थियो ।

छलफलमा विश्वविद्यालय शासन प्रणालीमा देखिएका संरचनागत कमजोरी, निर्णय प्रक्रियामा पारदर्शिताको कमी, नेतृत्व चयनमा राजनीतिक प्रभाव, अनुसन्धानमा न्यून प्राथमिकता तथा दलीयकरणको प्रभाव प्रमुख रूपमा उठान भएका थिए । सहभागीहरूबाट विश्वविद्यालयलाई ज्ञान उत्पादन र नवप्रवर्तनको केन्द्रका रूपमा विकास गर्न शासकीय संरचनामा समयानुकूल सुधार अपरिहार्य रहेको धारणाहरू आएका थिए । विशेषगरी, योग्यता र प्रतिस्पर्धामा आधारित नेतृत्व चयन, संस्थागत स्वायत्तता र शैक्षिक स्वतन्त्रताको सुनिश्चितता, पारदर्शी र उत्तरदायी शासन प्रणाली, तथा सरकार-विश्वविद्यालयबिच सन्तुलित सहकार्य प्रवर्धन गर्नुपर्नेमा व्यापक सहमति देखिएको थियो ।

## सहकार्य, समन्वय तथा तालिम

### नीति प्रवचन

### नेपालको एआई महत्त्वाकाङ्क्षाका लागि आवश्यक आधारभूत संरचना तथा पूर्वाधार निर्माण सम्बन्धमा नीति प्रवचन

प्रतिष्ठानले जेठ ४ गते संयुक्त राज्य अमेरिकाको नर्थ क्यारोलाइना विश्वविद्यालयका व्यवस्थापन विषयका प्राध्यापक प्रा.डा. नीर क्षेत्रीद्वारा "Beyond Digitalisation: From Policy to Reality – The Missing Foundations of Nepal’s AI Ambitions" विषयक नीति प्रवचन कार्यक्रम आयोजना गऱ्यो । अनुसन्धानकर्ता र अन्य कर्मचारीहरू उपस्थित उक्त कार्यक्रममा नेपालमा डिजिटल रूपान्तरण र कृत्रिम बौद्धिकता (एआई) सम्बन्धी नीतिगत तयारी, संरचनागत चुनौती तथा भविष्यका सम्भावनाबारे गहन विमर्श भएको थियो ।

कार्यक्रमको सुरुआतमा कार्यालय प्रबन्धक श्री लक्ष्मण प्रसाद भट्टराईले स्वागत मन्तव्य राख्नुभएको थियो । आफ्नो प्रस्तुतीकरणमा प्रा.डा. नीर क्षेत्रीले नेपालको विद्यमान डिजिटल नीति तथा एआई सम्बन्धी दृष्टिकोण विश्वव्यापी प्रविधिगत परिवर्तनको गतिसँग पूर्ण रूपमा मेल खान नसकेको उल्लेख गर्दै एआईलाई केवल सूचना प्रविधिको उपक्षेत्रका रूपमा नभई राष्ट्रिय पूर्वाधारका रूपमा बुझ्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले डेटा अन्तरसञ्चालन, संस्थागत समन्वय, सुशासन, डिजिटल पूर्वाधार तथा कार्यान्वयन क्षमतामा रहेका कमजोरीहरूलाई नेपालको एआई विकासका प्रमुख अवरोधका रूपमा प्रस्तुत गर्नुभयो ।

छलफलका क्रममा सहभागीहरूले एआई का कारण रोजगारी, ज्ञान उत्पादन तथा सार्वजनिक सेवामा आउन सक्ने परिवर्तन, नेपालको डिजिटल रूपान्तरणको गति, सरकारी प्राथमिकता, एआई को क्षेत्रगत प्रयोग, नीति अनुसन्धानको भूमिका तथा डिजिटल पूर्वाधारसँग सम्बन्धित विषयमा जिज्ञासा राखेका थिए । कार्यक्रममा एआईमैत्री सार्वजनिक पूर्वाधार, राष्ट्रिय डेटा प्रणाली, नवप्रवर्तनमुखी नीतिगत ढाँचा तथा उच्च क्षमतायुक्त एआई-आधारित उद्यमहरूको विकास मार्फत नेपालले विश्वव्यापी डिजिटल अर्थतन्त्रमा प्रभावकारी सहभागिता जनाउन सक्ने विषयमा विशेष जोड दिइएको थियो ।




कार्यक्रमको समापनमा सूचना तथा ज्ञान व्यवस्थापन विभागका प्रमुख तथा वरिष्ठ अनुसन्धानकर्ता डा. मोहन कुमार शर्माले अतिथि वक्ताप्रति आभार व्यक्त गर्दै यस्ता नीति प्रवचनहरूले डिजिटल रूपान्तरण र एआईसम्बन्धी नीतिगत बहसलाई थप समृद्ध बनाउने विश्वास व्यक्त गर्नुभएको थियो ।

## नेपालको उच्च शिक्षा र कृषि अनुसन्धानमा नीतिगत सुधार सम्बन्धमा नीतिगत प्रवचन

प्रतिष्ठानले वैशाख २५ गते "नेपालको उच्च शिक्षा र कृषि अनुसन्धानमा नीतिगत सुधार" विषयमा नीति प्रवचन कार्यक्रम आयोजना गऱ्यो । प्रतिष्ठानका अनुसन्धानकर्ता र अन्य कर्मचारी समेत गरी १७ जनाको उपस्थिति रहेको उक्त कार्यक्रममा नर्ड विश्वविद्यालय, नर्वेका सहप्राध्यापक तथा प्रतिष्ठानका विधागत विज्ञ डा. प्रभात खनालले प्रमुख वक्ताका रूपमा प्रवचन दिनुभएको थियो ।



प्रतिष्ठानका कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईको स्वागत मन्तव्यबाट सुरु भएको उक्त कार्यक्रममा प्रतिष्ठानका अनुसन्धानकर्ता डा. सुवास अधिकारीले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो। आफ्नो प्रवचनमा डा. खनालले नेपालको कृषि, शिक्षा र अनुसन्धान क्षेत्रमा प्रणालीगत तथा संस्थागत सुधारको आवश्यकता औंल्याउँदै व्यावहारिक र सीपमा आधारित शिक्षाको प्रवर्धन, अनुसन्धान र नीतिबिचको सम्बन्ध सुदृढीकरण, योग्यतामा आधारित मानव संसाधन व्यवस्थापन तथा विश्वविद्यालय, अनुसन्धान संस्था र स्थानीय समुदायबिच सहकार्य विस्तार गर्नुपर्ने विषयमा जोड दिनुभएको थियो।

छलफलका क्रममा अनुसन्धान, विस्तार सेवा र किसानबिचको सम्बन्धलाई प्रभावकारी बनाउने उपाय, विकेन्द्रीकृत अनुसन्धान प्रणाली, टेलिएग्रिकल्चर तथा कृषि एम्बुलेन्स सेवाजस्ता नवीन अवधारणामाथि विचार आदानप्रदान गरिएको थियो। कार्यक्रमले नेपालको कृषि शिक्षा र अनुसन्धान प्रणालीलाई थप व्यावहारिक, समन्वित तथा नीतिमुखी बनाउन आवश्यक सुधारका क्षेत्रहरू पहिचान गर्दै प्रमाणमा आधारित कृषि रूपान्तरणका लागि महत्त्वपूर्ण दृष्टिकोण प्रदान गरेको निष्कर्ष निकालिएको थियो। कर्यक्रमको अन्त्यमा वरिष्ठ अनुसन्धानकर्ता डा. हरि शर्मा न्यौपानेले वक्ता तथा सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम सम्पन्न गर्नुभएको थियो।

## नागरिक समाजसँगको सहकार्य सम्बन्धमा नीति प्रवचन

प्रतिष्ठानले माघ २९ गते "नागरिक समाजसँगको सहकार्य" विषयमा नीति प्रवचन कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा रित्सुमेकान एशिया प्यासिफिक विश्वविद्यालय अन्तर्गतको कलेज अफ सस्टेनाबिलिटी एण्ड टुरिजमका उपप्राध्यापक तथा विकास प्रशासन, गैरनाफामूलक संस्था, डिजिटल असमानता र सामाजिक नवप्रवर्तनका विज्ञ डा. दिपेन्द्र के.सी.ले प्रस्तुतीकरण गर्नुभएको थियो।



नागरिक समाज र सरकारबिचको सहकार्य, शासन तथा विकास प्रक्रियामा नागरिक समाजको भूमिका, र यससँग सम्बन्धित नीतिगत तथा संस्थागत आयामहरूबारे ज्ञान तथा अनुभव आदानप्रदान गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रममा प्रतिष्ठानका २८ जना अनुसन्धानकर्ता तथा अन्य कर्मचारीहरूको सहभागिता थियो।

प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता तथा अनुसन्धान विभाग प्रमुख डा. दीपक कुमार खड्काले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा डा. के.सी.ले नागरिक समाज र राज्यबिच समयक्रममा विकसित भएको सम्बन्धलाई नियामकीय तथा वित्तीय व्यवस्थाको परिप्रेक्ष्यमा विश्लेषण गर्दै संवैधानिक अधिकार, दायित्व तथा नेपालको सोह्रौं योजनामा विकास साझेदारका रूपमा नागरिक समाजको बढ्दो महत्त्वबारे प्रकाश पार्नुभयो। उहाँले नागरिक समाजलाई सेवाप्रवाह, वकालत तथा सामाजिक रूपान्तरणमा योगदान पुऱ्याउने एक महत्त्वपूर्ण क्षेत्रका रूपमा व्याख्या गर्दै राज्यसँग यसको सम्बन्ध पूरक, सहकार्यात्मक र कतिपय अवस्थामा आलोचनात्मक तथा अन्तरविरोधात्मक स्वरूपमा विकसित भएको उल्लेख गर्नुभयो।

साथै, समावेशीकरणको आवश्यकता, समाज कल्याणसम्बन्धी संस्थागत संयन्त्र, एकद्वार नीति, गैरमुनाफामूलक कम्पनीहरूको भूमिका, नियामकीय अस्पष्टता, नयाँ गैरसरकारी संस्थाहरूको उदय तथा तिनले भोगिरहेका सञ्चालनगत चुनौतीहरूमाथि पनि विस्तृत चर्चा गर्नुभयो ।

प्रस्तुतिपश्चात् सहभागी अनुसन्धानकर्ताहरूले नागरिक समाजमा व्यक्तिको भूमिका, नागरिक सहभागिताको प्रभावकारिता, सूचना प्रवाहमा देखिन सक्ने पूर्वाग्रह तथा प्रचारप्रसारका सम्भावित प्रभावसम्बन्धी विषयमा जिज्ञासा राख्दै सार्थक छलफल गरेका थिए ।

### नेपालको सन्दर्भमा कृत्रिम बुद्धिमत्ता र साइबर सुरक्षा/राष्ट्रिय सुरक्षा विषयक नीति प्रवचन

प्रतिष्ठानले माघ २५ गते "नेपाली सन्दर्भको कृत्रिम बुद्धिमत्ता र साइबर सुरक्षा/राष्ट्रिय सुरक्षा" शीर्षकमा नीति प्रवचन कार्यक्रमको आयोजना गर्‍यो । उक्त कार्यक्रममा संयुक्त राज्य अमेरिकाको युनिभर्सिटी अफ नर्थ क्यारोलाइना-ग्रीन्सबोरोका चार्ल्स ए. हेज विशिष्ट प्राध्यापक डा. नीर क्षेत्रीले मुख्य प्रस्तुतीकरण गर्नुभएको थियो ।



प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. मोहन कुमार शर्माले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्मा, वरिष्ठ अनुसन्धानकर्ता, अनुसन्धानकर्ता, सहअनुसन्धानकर्ता, विश्लेषक तथा प्रशासनिक कर्मचारीहरू गरी २४ जना सहभागी थिए ।

प्रा. क्षेत्रीले आफ्नो प्रस्तुतिमा साइबर सुरक्षा, राष्ट्रिय सुरक्षा र अन्तर्राष्ट्रिय कूटनीतिबिचको अन्तरसम्बन्ध, नेपालजस्ता उदीयमान अर्थतन्त्रले सामना गरिरहेका नीतिगत तथा पूर्वाधारगत चुनौतीहरू, नेपालको रणनीतिक स्थिति, कृत्रिम बुद्धिमत्ता र साइबर सुरक्षासम्बन्धी संस्थागत क्षमता, तथ्याङ्क तथा साङ्ख्यिकीय पूर्वाधारको कमजोरी, भाषागत अभिलेखीकरणको अभाव, र एआई विकासका लागि आवश्यक तथ्याङ्क, प्रतिभा र कम्प्युटेसनल शक्तिको सीमितताबारे विस्तृत रूपमा चर्चा गर्दै साइबर कूटनीति, अन्तर्राष्ट्रिय सहकार्य, राष्ट्रिय सुरक्षा व्यवस्थापन र स्थानीय क्षमता विकासजस्ता पक्षमा समेत जोड दिनुभयो ।

## अन्तरक्रिया

### नीति अनुसन्धान प्रतिष्ठान र विश्व बैङ्क (नेपाल) का प्रतिनिधिहरूबिच नेपालको सार्वजनिक वित्तबारे अन्तरक्रिया

नीति अनुसन्धान प्रतिष्ठान र विश्व बैङ्कका प्रतिनिधिहरूबिच प्रतिष्ठानको सभाहलमा "नेपालको सार्वजनिक वित्तसम्बन्धी समीक्षा अध्ययन" सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा विश्व बैङ्कको तर्फबाट ६ जना प्रतिनिधि र नीति अनुसन्धान प्रतिष्ठानका २१ जना प्रतिनिधि गरी कुल २७ जना सहभागीहरूको उपस्थिति रहेको

थियो । कार्यक्रमको मुख्य उद्देश्य विश्व बैङ्कले सुरु गर्न लागेको सार्वजनिक वित्त समीक्षा अध्ययनको रूपरेखा, सम्भावित विषयवस्तु तथा नीतिगत प्राथमिकतामाथि छलफल गरी अध्ययनलाई नेपालका समसामयिक आर्थिक चुनौतीहरूसँग थप सान्दर्भिक बनाउनु रहेको थियो ।




प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख एवम् कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईको स्वागत मन्तव्य र सहअनुसन्धानकर्ता डा. महेश्वर गिरीको सञ्चालनमा सम्पन्न उक्त कार्यक्रममा विश्व बैङ्कका प्रतिनिधिहरूले समीक्षा अध्ययनको वर्तमान अवस्था र समेटिने प्रमुख विषयहरू प्रस्तुत गर्दै आर्थिक वृद्धि, रोजगारी सिर्जना, राजस्व चुनौती, सार्वजनिक खर्चको प्रभावकारिता तथा पुँजीगत खर्चको न्यून कार्यान्वयनसँग सम्बन्धित संरचनात्मक पक्षहरूबारे जानकारी गराउनुभएको थियो ।

छलफलका क्रममा प्रतिष्ठानका अनुसन्धानकर्ताहरूले सार्वजनिक खर्च अध्ययनबाट प्राप्त अनुभव, जलवायु वित्त, विनिमय दरको अस्थिरता, ऊर्जा पूर्वाधार, वित्तीय सङ्घीयता तथा शिक्षा-स्वास्थ्य क्षेत्रमा सार्वजनिक लगानीको प्रतिफलजस्ता विषयहरूलाई अध्ययनमा समावेश गर्न सुझाव दिनुभएको थियो । साथै, खुला अन्तरक्रिया सत्रमा सहभागीहरूले सार्वजनिक वित्त व्यवस्थापनलाई दीर्घकालीन आर्थिक स्थायित्व, मानव पुँजी विकास र दिगो विकासका लक्ष्यहरूसँग जोडेर हेर्नुपर्ने आवश्यकता औँल्याउनुभएको थियो ।

कार्यक्रमको अन्त्यमा विश्व बैङ्कका अर्थविद् प्रवीन डङ्गोल र प्रतिष्ठानका अनुसन्धान विभाग प्रमुख डा. दीपक कुमार खड्काले सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै प्राप्त सुझावहरू अध्ययनलाई थप प्रभावकारी र नीतिमैत्री बनाउन उपयोगी हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

### नीति अनुसन्धान प्रतिष्ठानको पुनर्संरचनासम्बन्धी अन्तरक्रिया

नीति अनुसन्धान प्रतिष्ठानको पुनर्संरचनासम्बन्धी सरकारको प्रस्तावित पहलका सन्दर्भमा जेठ १३ गते प्रतिष्ठानका पूर्वअध्यक्ष, राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष, विभिन्न सल्लाहकार तथा नीति विज्ञहरूसँग एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा प्रतिष्ठानको संस्थागत संरचना, भावी कार्यदिशा, कार्यदिश, अनुसन्धान स्वतन्त्रता तथा पुनर्संरचनाका सम्भावित विकल्पहरूबारे गहन छलफल गरिएको थियो । कार्यक्रममा पूर्वपदाधिकारी, सल्लाहकार तथा विज्ञहरूसहित १० जना बाह्य सहभागी र प्रतिष्ठानका विभिन्न तहका कर्मचारीहरू गरी ३७ जना सहभागीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमको प्रारम्भमा कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईले प्रतिष्ठानको वर्तमान प्रशासनिक अवस्था, विकास समितिका रिक्त पदहरूका कारण उत्पन्न चुनौतीहरू तथा सरकारको १०० बुँदे कार्यसूचीअन्तर्गत पुनर्संरचना प्रक्रियाबारे जानकारी गराउँदै संस्थागत स्पष्टता र सुधारका लागि ठोस सुझाव आवश्यक रहेको उल्लेख गर्नुभयो ।

छलफलमा सहभागीहरूले प्रतिष्ठानको कानुनी, वित्तीय र प्रशासनिक स्वायत्तता सुरक्षित रहनुपर्ने, अनुसन्धान तथा नीति सिफारिसमा पूर्ण स्वतन्त्रता सुनिश्चित हुनुपर्ने र कार्यगत स्वतन्त्रता कुनै पनि अवस्थामा कमजोर हुन नहुनेमा जोड दिएका

थिए । साथै, प्रतिष्ठानलाई अन्य सरकारी अनुसन्धान निकाय तथा विश्वविद्यालयहरूसँग दोहोरोपन नहुने गरी स्पष्ट र पूरक कार्यादेशसहित राष्ट्रिय स्तरको स्वतन्त्र थिङ्क ट्याङ्कका रूपमा विकास गर्नुपर्ने धारणा व्यक्त गरिएको थियो ।




त्यसैगरी, प्रमाणमा आधारित नीति निर्माण, नीतिगत मूल्याङ्कन, ज्ञान व्यवस्थापन, डिजिटल रूपान्तरण, अन्तरविषयगत अनुसन्धान तथा अन्तर्राष्ट्रिय सहकार्यलाई संस्थागत रूपमा सुदृढ गर्दै प्रतिष्ठानलाई दीर्घकालीन नीति नवप्रवर्तन केन्द्रका रूपमा स्थापित गर्नुपर्ने सुझावहरू पनि छलफलबाट आएका थिए ।

### नीति अनुसन्धान प्रतिष्ठान र सामाजिक तथा वातावरणीय अनुसन्धान संस्थाबिच अन्तरक्रिया

नीति अनुसन्धान प्रतिष्ठान र सामाजिक तथा वातावरणीय अनुसन्धान संस्थाबिच वैशाख २३ गते अन्तरक्रिया बैठक सम्पन्न भयो । कार्यक्रममा प्रतिष्ठानका कार्यालय प्रबन्धक, विभागीय प्रमुख तथा केन्द्र प्रमुख र सामाजिक तथा वातावरणीय अनुसन्धान संस्थाका कार्यकारी निर्देशकसहितका प्रतिनिधि गरी १४ जना सहभागी रहेका थिए । कार्यक्रमको उद्देश्य दुवै संस्थाको कार्यप्रणाली, अनुसन्धान अभ्यास तथा नीतिगत योगदानबारे आपसी जानकारी आदानप्रदान गर्नुका साथै भविष्यमा सहकार्य र साझेदारीका सम्भावित क्षेत्र पहिचान गर्नु रहेको थियो ।



बैठकमा सामाजिक तथा वातावरणीय अनुसन्धान संस्थाका कार्यकारी निर्देशक प्रा.डा. दीर्घजीवी घिमिरेले संस्थाको ३० वर्षे अनुसन्धान अनुभव, लक्ष्य, उद्देश्य र कार्यक्षेत्रबारे प्रस्तुतीकरण गर्नुभयो भने प्रतिष्ठानका अनुसन्धान विभाग प्रमुख डा. दीपक कुमार खड्काले प्रतिष्ठानको संरचना, कार्यशैली र नीति अनुसन्धान अभ्यासबारे जानकारी दिनुभयो । छलफलमा दीर्घकालीन अनुसन्धान परियोजनाका नतिजालाई नीतिगत रूपान्तरण गर्ने उपाय, नीति निर्मातालाई प्रभावकारी रूपमा सूचित गर्ने संयन्त्र, नीति एकाइ स्थापना, 'ग्रे' प्रतिवेदनहरूको डेटाबेस व्यवस्थापन, NPPR जर्नल मार्फत नीति लेखन तथा नीति संवाद सुदृढीकरणजस्ता विषयमा विस्तृत विचार आदानप्रदान गरिएको थियो ।

कार्यक्रमले अनुसन्धान-नीति सम्बन्ध सुदृढ गर्दै प्रमाणमा आधारित नीति निर्माणलाई प्रभावकारी बनाउन दुवै संस्थाबिच सहकार्य विस्तार गर्नुपर्ने आवश्यकतालाई जोड दिएको थियो ।

## नीति अनुसन्धान प्रतिष्ठान अन्तर्गतको प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्रका वरिष्ठ विधागत विज्ञहरूसँग बैठक

प्रतिष्ठान अन्तर्गतको प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्र (केन्द्र-४) ले चैत १९ गते केन्द्रसँग आबद्ध वरिष्ठ विधागत विज्ञहरूसँग रणनीतिक छलफल तथा पृष्ठपोषण बैठक आयोजना गऱ्यो । प्रतिष्ठानका कार्यकारी अध्यक्ष प्रा.डा. लेखनाथ शर्माको अध्यक्षतामा सम्पन्न उक्त बैठकमा एकजना अनलाइन समेत गरी ११ जना सहभागी थिए ।



बैठकको मुख्य उद्देश्य केन्द्रअन्तर्गत सञ्चालन भइरहेका अनुसन्धान तथा कार्यक्रमहरूको प्रगति समीक्षा गर्नु, प्रतिष्ठानको भावी कार्यदिशाबारे विज्ञहरूको सुझाव सङ्कलन गर्नु तथा नीति अनुसन्धानलाई थप प्रभावकारी र परिणाममुखी बनाउन आवश्यक रणनीतिबारे छलफल गर्नु रहेको थियो ।

कार्यक्रमको प्रारम्भमा कार्यकारी अध्यक्ष प्रा. शर्माले प्रतिष्ठानको भावी कार्यदिशा, नीति अनुसन्धानको प्राथमिकता तथा रणनीतिक सोचबारे धारणा राख्दै वरिष्ठ विज्ञहरूबाट पृष्ठपोषणको अपेक्षा व्यक्त गर्नुभएको थियो । त्यसैगरी, प्रतिष्ठानका अनुसन्धानकर्ता डा. सुवास अधिकारीले प्रतिष्ठानको संरचना तथा कार्यप्रणालीबारे सङ्क्षिप्त प्रस्तुतीकरण गर्नुभएको थियो भने केन्द्र प्रमुख तथा वरिष्ठ अनुसन्धानकर्ता डा. हरि शर्मा न्यौपानेले चालु आर्थिक वर्षमा सञ्चालन भइरहेका अनुसन्धान परियोजना तथा नेपालको कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमतासम्बन्धी अध्ययनका प्रारम्भिक निष्कर्षहरू प्रस्तुत गर्नुभएको थियो । प्रतिष्ठानका अनुसन्धान विभाग प्रमुख डा. दीपक कुमार खड्काले सरकारको १०० बुँदे कार्ययोजना कार्यान्वयनमा सहयोग पुऱ्याउने उद्देश्यले प्रतिष्ठानले गरिरहेको प्रमाण नक्शाङ्कनसम्बन्धी कार्यबारे जानकारी गराउँदै प्रतिष्ठानलाई प्रभावकारी नीति प्रयोगशाला (Policy Lab) का रूपमा विकास गर्न आवश्यक सुझावहरू माग गर्नुभएको थियो भने कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धान संस्था तथा विश्वविद्यालयहरूसँगको सहकार्य विस्तार र विज्ञहरूको ज्ञान, सीप तथा अनुभवको प्रभावकारी उपयोगका सम्भावनाबारे छलफल गर्नुभएको थियो ।

छलफलका क्रममा वरिष्ठ विज्ञहरूले अनुसन्धानको गुणस्तर अभिवृद्धि, नीति निर्माणमा प्रविधिको प्रभावकारी प्रयोग, विश्वविद्यालयहरूसँगको सहकार्य तथा विज्ञहरूको सञ्जाल निर्माणजस्ता विषयमा महत्त्वपूर्ण सुझावहरू प्रस्तुत गर्नुभएको थियो । डा. दिनेशराज भुजूले कृषि नीति निर्माणमा नेपाली जनताको भावना र आवश्यकतालाई समेट्दै कृषि बजार प्रवर्धन गर्नुपर्ने तथा विश्वविद्यालयहरूमा नीति प्रयोगशाला (Policy Lab) स्थापना गरी प्रतिष्ठानले समन्वयकारी भूमिका निर्वाह गर्न सक्ने धारणा राख्नुभयो । श्री बटुकृष्ण उप्रेतीले प्रतिष्ठानको दीर्घकालीन संस्थागत विकासका लागि स्थायी रूपमा जनशक्ति विस्तार गर्नुभन्दा विभिन्न क्षेत्रका विज्ञहरूको रोस्टर प्रणाली (Roster System) विकास गरी अनुसन्धान कार्यमा परिचालन गर्नुपर्ने सुझाव दिनुका साथै वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र जलविद्युत् विकाससँग सम्बन्धित नीतिगत विषयमा आफ्नो धारणा व्यक्त गर्नुभयो । त्यसैगरी डा. देवेन्द्र गौचनले कृषि क्षेत्रका चुनौतीहरू, विशेषगरी धानको न्यूनतम समर्थन मूल्य, कृषि उत्पादनको बजारीकरण, अन्तर्राष्ट्रिय गुणस्तर परीक्षण तथा निर्यात प्रवर्धनका विषयमा प्रकाश पार्दै अनुसन्धान तथा नीतिनिर्माणमा बहु-विषयगत विज्ञहरूको सहभागिता र सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो ।

बैठकले प्राकृतिक स्रोत तथा प्रविधि नीति अध्ययन केन्द्रको भावी कार्यदिशा सुदृढ गर्न विज्ञहरूको ज्ञान, विश्वविद्यालय-प्रतिष्ठान सहकार्य र प्रमाणमा आधारित नीति अनुसन्धानलाई संस्थागत रूपमा अघि बढाउनुपर्ने आवश्यकता स्पष्ट गरेको छ । साथै, विज्ञ रोस्टर प्रणाली, नीति प्रयोगशाला अवधारणा, प्रविधिमैत्री अनुसन्धान तथा कृषि र ऊर्जाजस्ता क्षेत्रगत प्राथमिकतामा सुधार गर्दै प्रतिष्ठानलाई समन्वयकारी नीति अनुसन्धान केन्द्रका रूपमा विकास गर्नुपर्ने निष्कर्ष निकालिएको छ ।

## अन्तर्राष्ट्रिय टोलीको भ्रमण

### नीति अनुसन्धान प्रतिष्ठान र चीनको चाइनीज एकेडेमी अफ सोसियल साइन्सेज अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजिजका प्रतिनिधिहरूबिच अन्तरक्रिया

नीति अनुसन्धान प्रतिष्ठान र चीनको चाइनीज एकेडेमी अफ सोसियल साइन्सेज (CASS) अन्तर्गतको नेशनल इन्स्टिच्युट अफ इन्टरनेशनल स्ट्राटेजिज (NIIS) का प्रतिनिधिहरूबिच जेठ ४ गते प्रतिष्ठानको सभाहलमा अन्तरक्रिया सम्पन्न भयो । कार्यक्रममा CASS का पाँच जना प्राज्ञ, परराष्ट्र मन्त्रालय तथा परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानका तीन जना प्रतिनिधि र नीति अनुसन्धान प्रतिष्ठानका २० जना प्रतिनिधिसहित कुल २८ जना सहभागीहरूको उपस्थिति रहेको थियो । कार्यक्रमको मुख्य उद्देश्य नेपाल-चीन सम्बन्धका बहुआयामिक पक्ष, परराष्ट्र नीतिका प्राथमिकता, रणनीतिक सहकार्य तथा भविष्यमा विस्तार गर्न सकिने साझेदारीका क्षेत्रहरूबारे विचार आदानप्रदान गर्नु रहेको थियो ।



प्रतिष्ठानका निमित्त कार्यालय प्रमुख लक्ष्मण प्रसाद भट्टराईको स्वागत मन्तव्यबाट सुरु भएको उक्त कार्यक्रममा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. खगनाथ अधिकारीले नेपालको वर्तमान परराष्ट्र नीति, नयाँ सरकारका प्राथमिकता तथा नेपाल-चीन सम्बन्धको अवस्थाबारे प्रस्तुति दिनुभएको थियो । CASS का प्रतिनिधि डा. ली चफेइले चीनका प्रमुख अन्तर्राष्ट्रिय पहलहरू (initiatives), क्षेत्रीय सहकार्य तथा चीनको परराष्ट्र नीतिका समसामयिक आयामहरूबारे जानकारी गराउनुभएको थियो ।

छलफलका क्रममा सहभागीहरूले नेपाल-चीन सहकार्यका नयाँ सम्भावनाबारे जिज्ञासा राख्दै व्यापार, लगानी, जलविद्युत्, नवीकरणीय ऊर्जा, शिक्षा, अनुसन्धान तथा जनस्तरको सम्बन्ध विस्तारका विषयमा विचार आदानप्रदान गरेका थिए । प्रश्नोत्तर सत्रमा CASS का प्रा.डा. छेन सीनले नेपालसँगको व्यापारिक तथा रणनीतिक साझेदारीलाई अझ सुदृढ बनाउने सम्भावना भए तापनि विभिन्न संरचनात्मक, प्रक्रियागत तथा कार्यान्वयनसम्बन्धी चुनौतीका कारण अपेक्षित उपलब्धि हासिल गर्न कठिनाइ भएको धारणा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमले नेपाल-चीन सम्बन्धलाई थप मजबुत बनाउन अनुसन्धान तथा शैक्षिक सहकार्य विस्तार, आर्थिक तथा पूर्वाधार विकासमा साझेदारी अभिवृद्धि, साथै दुवै देशका नीति अनुसन्धान संस्थाहरूबिच ज्ञान र अनुभव आदानप्रदानलाई संस्थागत गर्नुपर्ने आवश्यकतामा जोड दिएको थियो ।

### नीति अनुसन्धान प्रतिष्ठान र चीनको सिचुआन विश्वविद्यालयका प्राज्ञहरूबिच अन्तरक्रिया

नीति अनुसन्धान प्रतिष्ठान र चीनको सिचुआन विश्वविद्यालयका सहप्राध्यापक डा. काओ लियाङ (Gao Liang) र डा. चङ शिआङयु (Zeng Xiangyu) बिच वैशाख १६ गते नेपाल-चीन सम्बन्धका बहुआयामिक पक्ष, अनुसन्धान सहकार्य तथा विकास सम्भावनामा केन्द्रित अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा चिनियाँ दुई जना प्राज्ञ तथा प्रतिष्ठानका १८ जना प्रतिनिधिहरू समेत गरी २० जनाको उपस्थिति थियो ।




कार्यक्रमको सुरुआतमा कार्यालय प्रबन्धक श्री लक्ष्मण प्रसाद भट्टराईले स्वागत मन्तव्य दिनुभएको थियो भने वरिष्ठ अनुसन्धानकर्ता डा. दीपक कुमार खड्काले प्रतिष्ठानको सङ्क्षिप्त परिचय र नीति अनुसन्धान अभ्यासबारे जानकारी गराउनुभएको थियो । सिचुआन विश्वविद्यालयका प्रतिनिधिहरूले चीनको क्षेत्रीय विकास प्राथमिकता, शैक्षिक अनुसन्धान अभ्यास तथा नेपालसँगको सहकार्य सम्भावनाबारे आफ्ना धारणा प्रस्तुत गर्नुभएको थियो ।

छलफलमा नेपाल-चीन ऐतिहासिक सम्बन्ध, सीमावर्ती विकास, छात्रवृत्ति अवसर, भाषा-संस्कृति तथा अनुसन्धान सहकार्यजस्ता विषयमा विचार आदानप्रदान गरिएको थियो । कार्यक्रमले दुई संस्थाबिच भविष्यमा अनुसन्धान र शैक्षिक सहकार्य विस्तार गर्ने सम्भावनालाई थप बल दिएको छ ।

कार्यक्रमको समापनमा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा. मोहन कुमार शर्माले यस्ता अन्तरक्रियाले अन्तर्राष्ट्रिय सहकार्य र ज्ञान आदानप्रदानलाई सुदृढ बनाई नीति अनुसन्धानलाई अझ प्रभावकारी बनाउन सहयोग पुऱ्याउने बताउनुभयो ।

## अक्सफोर्ड डिप्लोम्याटिक सोसाइटीका प्रतिनिधिहरूसँग अन्तरक्रिया

नीति अनुसन्धान प्रतिष्ठानले २०८३ वैशाख ३ गते अक्सफोर्ड डिप्लोम्याटिक सोसाइटीका प्रतिनिधिहरूसँग नेपालको विकास प्राथमिकता, आर्थिक रूपान्तरण तथा सार्वजनिक नीतिका चुनौती र अवसरहरूबारे केन्द्रित अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो। प्रतिष्ठानका अनुसन्धानकर्ताहरू र सोसाइटीका प्रतिनिधिबिच समसामयिक सामाजिक-आर्थिक मुद्दामा विचार आदानप्रदान गरिएको उक्त कार्यक्रममा ३७ जना सहभागी थिए ।




कार्यक्रमको सुरुआतमा प्रतिष्ठानका कार्यालय प्रबन्धक श्री लक्ष्मण प्रसाद भट्टराईले स्वागत मन्तव्य दिनुभएको थियो भने वरिष्ठ अनुसन्धानकर्ता डा. दीपक कुमार खड्काले प्रतिष्ठानको कार्यप्रणाली तथा नीति अनुसन्धान अभ्यासबारे सङ्क्षिप्त परिचय दिनुभएको थियो ।

त्यसपछि आर्थिक तथा पूर्वाधार विकास नीति केन्द्रकी प्रमुख तथा वरिष्ठ अनुसन्धानकर्ता डा. कल्पना खनाल र सहअनुसन्धानकर्ता डा. महेश्वर गिरीले संयुक्त रूपमा "नेपालमा स्टार्टअप, एमएसएमईहरू (MSMEs), औद्योगिक दिशा र प्रत्यक्ष वैदेशिक लगानी: अवसर, चुनौती र आगामी बाटो" विषयमा प्रस्तुतीकरण दिनुभएको थियो ।

प्रस्तुतीकरणपश्चात् भएको अन्तरक्रियामा सहभागीहरूले जनस्वास्थ्य वित्त, हरित औद्योगिक नीति, लगानी वातावरण, डिजिटल सुशासन, साइबर सुरक्षा, प्राकृतिक स्रोत व्यवस्थापन, जलवायु परिवर्तन, ऊर्जा रणनीति, मानव पुँजी विकास तथा संस्थागत सुधारजस्ता विषयमा प्रश्न र धारणा प्रस्तुत गरेका थिए ।

छलफलमा नेपालमा नवप्रवर्तन-आधारित, रोजगारमुखी तथा दिगो विकासका लागि प्रमाणमा आधारित नीति निर्माण र आर्थिक-पर्यावरणीय सन्तुलन आवश्यक रहेको विषयमा जोड दिइएको थियो ।

कार्यक्रमको समापनमा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता तथा प्रवक्ता डा. खगनाथ अधिकारीले यस्ता अन्तरक्रियाले नीति संवादलाई सुदृढ गर्दै तथ्यमा आधारित निर्णय प्रक्रियालाई सहयोग पुऱ्याउने प्रतिष्ठानको प्रतिबद्धता पुनः व्यक्त गर्नुभएको थियो ।

# प्रतिवेदन पेस/सार्वजनिकीकरण/प्रस्तुतीकरण

## राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७७ को समीक्षा/द्रुत अध्ययन प्रतिवेदन सार्वजनिकीकरण तथा छलफल

नीति अनुसन्धान प्रतिष्ठान, स्वास्थ्य सेवा विभागअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण शाखा तथा कोशिश संस्थाको समन्वयमा जेठ ५ गते जनस्वास्थ्य प्रयोगशाला, टेकु, काठमाडौंमा "राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७७ को समीक्षा/द्रुत अध्ययन प्रतिवेदन सार्वजनिकीकरण तथा छलफल कार्यक्रम" आयोजना भयो । कार्यक्रममा मानसिक स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विषय विज्ञ, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि, स्वास्थ्यकर्मी, अनुसन्धानकर्ता तथा अन्य सरोकारवालासहित ४९ जना सहभागीहरूको उपस्थिति रहेको थियो । कार्यक्रमले राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजनाको कार्यान्वयन अवस्थाको समीक्षा गर्दै मानसिक स्वास्थ्य सेवाको पहुँच, गुणस्तर तथा नीतिगत सुधारका आवश्यक पक्षहरूबारे बहुपक्षीय छलफल गरेको थियो ।



प्रतिष्ठानका कार्यालय प्रबन्धक लक्ष्मण प्रसाद भट्टराईको स्वागत मन्तव्यबाट सुरु भएको उक्त कार्यक्रममा कोशिश संस्थाका मातृका प्रसाद देवकोटाले कार्यक्रमको उद्देश्य तथा सान्दर्भिकताबारे प्रकाश पार्नुभएको थियो । मुख्य सत्रमा प्रतिष्ठानका अनुसन्धानकर्ता अशोक पाण्डे र रवीन्द्र रावलले राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजना, २०७७ को कार्यान्वयन अवस्थासम्बन्धी अध्ययन प्रतिवेदन प्रस्तुत गर्दै सेवाप्रवाह, संस्थागत समन्वय, स्रोतसाधन व्यवस्थापन तथा नीतिगत चुनौतीहरूबारे विस्तृत जानकारी दिनुभएको थियो । त्यसैगरी, डा. पोमावती थापाले रणनीतिको प्रगति, उपलब्धि, चुनौती तथा आगामी प्राथमिकतासम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो ।

छलफलका क्रममा सहभागीहरूले मानसिक स्वास्थ्य सेवालाई संघ, प्रदेश र स्थानीय तहबिच प्रभावकारी रूपमा समन्वय गर्नुपर्ने, समुदायस्तरमा सेवा विस्तार गर्नुपर्ने, मानसिक स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि गर्नुपर्ने, दक्ष जनशक्ति तथा पर्याप्त स्रोतसाधन सुनिश्चित गर्नुपर्ने, सेवा प्रदायकहरूको क्षमता विकास गर्नुपर्ने तथा मानसिक स्वास्थ्यलाई समग्र सार्वजनिक स्वास्थ्य प्रणालीसँग एकीकृत रूपमा अघि बढाउनुपर्ने सुझाव प्रस्तुत गरेका थिए । साथै, तथ्याङ्क व्यवस्थापन सुदृढ गर्दै प्रमाणमा आधारित नीति निर्माण र प्रभावकारी कार्यान्वयनमा विशेष जोड दिनुपर्ने धारणा व्यक्त गरिएको थियो ।

कार्यक्रमको अन्त्यमा आयोजक संस्थाहरूका तर्फबाट सहभागीहरूको सक्रिय सहभागिता, सुझाव तथा सहयोगप्रति आभार व्यक्त गर्दै मानसिक स्वास्थ्य नीति तथा सेवाको प्रभावकारी कार्यान्वयनमा कार्यक्रमले महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरिएको थियो ।

## नेपालमा विद्युतीय सवारी साधनका अवसर र चुनौतीहरू विषयक प्रस्तुति

प्रतिष्ठानले चैत २३ गते नेपालमा विद्युतीय सवारी साधनको वर्तमान नीतिगत अवस्था, अवसरहरू, कार्यान्वयनमा देखिएका चुनौतीहरू तथा भविष्यमा आवश्यक सुधारका दिशाहरू पहिचान गर्न सहयोग लिने उद्देश्यले "नेपालमा विद्युतीय सवारी साधनका अवसर र चुनौतीहरू" विषयक प्रस्तुतीकरण आयोजना गऱ्यो ।

उक्त प्रस्तुतीकरण आर्थिक तथा पूर्वाधार विकास नीति अध्ययन केन्द्र अन्तर्गत सञ्चालन भइरहेको "नेपालमा विद्युतीय सवारी साधनको नीतिगत वातावरण, अवसर र कार्यान्वयनका चुनौतीहरू" सम्बन्धी अनुसन्धानको एक हिस्साका रूपमा सम्पन्न गरिएको हो ।

कार्यक्रममा ईभी तथा अटोमोबाइल क्षेत्रका विज्ञ इन्जिनियर प्रेमलाल तामाङ मुख्य प्रस्तुतकर्ता रहनुभएको थियो भने प्रतिष्ठानका सहअनुसन्धानकर्ता, अनुसन्धानकर्ता, वरिष्ठ अनुसन्धानकर्ता, कार्यालय प्रबन्धक तथा इन्टर्नहरू गरी १३ जना सहभागी रहेका थिए ।

कार्यक्रमको प्रारम्भमा प्रतिष्ठानका सहअनुसन्धानकर्ता डा. महेश्वर गिरीले सहभागीहरूलाई स्वागत गर्दै सञ्चालनमा रहेको अध्ययनको उद्देश्यबारे सङ्क्षिप्त जानकारी दिनुभएको थियो । त्यसपछि विज्ञ तामाङले नेपालमा विद्युतीय गतिशीलता (electric mobility) को रूपान्तरण, जीवाश्म इन्धनको आयात घटाउने सम्भावना, वातावरणीय दिगोपना र आर्थिक स्थायित्वमा यसको योगदानबारे विस्तृत प्रस्तुति दिनुभएको थियो । उहाँले हालका प्रोत्साहनहरू सकारात्मक भए तापनि दीर्घकालीन र स्पष्ट नीतिगत ढाँचा आवश्यक रहेको उल्लेख गर्नुभयो ।




प्रस्तुतीकरणमा चार्जिङ पूर्वाधारको विस्तारसँगै आवश्यक सुरक्षा मापदण्ड, मानकीकरण र जोखिम व्यवस्थापनको अभाव, संस्थागत समन्वय कमजोर हुनु तथा बिक्रीपछिको सेवा र उपभोक्ता संरक्षणमा देखिएका चुनौतीहरू प्रमुख रूपमा उठाइएका थिए । साथै, ब्याट्री विसर्जन तथा पुनःप्रयोगसम्बन्धी स्पष्ट नीति अभावले भविष्यमा ठूलो वातावरणीय जोखिम निम्त्याउन सक्ने विषयमा पनि जोड दिइएको थियो ।

कार्यक्रमको अन्त्यमा प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता तथा केन्द्र प्रमुख डा. कल्पना खनालले प्रस्तुतीकरणका मुख्य निष्कर्षहरू सङ्क्षेपमा प्रस्तुत गर्दै विज्ञको प्रस्तुतीकरणका क्रममा आएका विषयहरू प्रतिष्ठानको चालु अनुसन्धान र नीतिगत सिफारिस निर्माणका लागि अत्यन्त सान्दर्भिक रहेको उल्लेख गर्नुभयो ।

# संस्थागत विकास, विस्तार र प्रसार

## विज्ञसूची अद्यावधिक

नीति अनुसन्धान प्रतिष्ठानले अनुसन्धानकार्यको लागि विज्ञहरूको सूची तयार गर्दछ । प्रतिष्ठानले निर्माण गरेको विज्ञहरूको सूची नेपाल सरकारका मन्त्रालयहरू, अन्तरगतका विभागहरू र अन्य निकायहरूलाई पनि उपयोगी हुने विश्वास गरिएको छ । विधागत विज्ञता भएका विज्ञलाई सार्वजनिक रूपमा वा व्यक्तिगत तबरले समेत सूचीकृत हुन आह्वान गरी सूची तयार हुन्छ । यसरी सूचीकृत भएका विज्ञलाई उहाँहरूको विज्ञताको आधारमा अनुसन्धान प्रस्तावनाको मूल्याङ्कन गर्ने, नीति संवादमा सहजीकरण गर्ने, सोचपत्र लेखन, प्रतिवेदन मूल्याङ्कन लगायत जर्नल प्रकाशनमा योगदान गर्ने अवसर प्रदान गरिन्छ ।

यस अवधिमा विज्ञसूचीमा थप विज्ञहरू सूचीकृत गर्ने तथा सो सूची अद्यावधिक गर्ने कार्य निरन्तर चालु रह्यो ।

## सार्वजनिक नीति स्रोतकेन्द्रको विस्तार

सार्वजनिक नीतिसँग सम्बन्धित र आवश्यक आधारभूत अध्ययन सामग्री तथा अन्य स्रोतहरूको सङ्ग्रहकेन्द्रको रूपमा सार्वजनिक नीति संवाद केन्द्रको स्थापना भई सञ्चालन भइरहेको छ । सार्वजनिक नीति स्रोत केन्द्रको प्रमुख कार्यहरूमा स्रोत केन्द्रको अद्यावधिक र स्तरोन्नति गर्ने, सङ्ग्रहित सामग्रीहरूको सुरक्षा र आवश्यक गोप्यता कायम गर्ने, आवश्यक विद्युतीय र अन्य प्रणाली, डाटाबेस र अन्य सान्दर्भिक लगायतका) तथ्याङ्क तथा सूचना सङ्कलन र भण्डारण प्रणालीको खरिद, विकास र अद्यावधिक गर्ने, स्रोत अभिलेख गर्ने प्रणालीको विकास र सञ्चालन गर्ने, सङ्ग्रहित सामग्रीहरूको विद्युतीय प्रतिहरू विकास गर्ने, नेपाल सरकारका सम्बन्धित निकायहरू, अनुसन्धान निकायहरू, नीति विश्लेषण र अध्ययन अनुसन्धान गर्ने विज्ञ तथा संस्थाहरू तथा अन्य सरोकारवालाहरूसँग सहकार्यात्मक सम्बन्ध विकास र विस्तार गर्ने रहेका छन् ।

यस अवधिमा स्रोतकेन्द्रले दायाँ दिइएको तालिकामा उल्लेख भए अनुसारका किसिम र सङ्ख्यामा सामग्रीहरू सङ्ग्रह गऱ्यो ।

| स्रोतका किसिम | सङ्ख्या |
|---|---|
| पुस्तक (छापा-विद्युतीय)-जर्नल | २८८ |
| मन्त्रिपरिषद्का निर्णयहरू | १४ |
| नीति-ऐन-नियमावली | ४४ |
| समाचारपत्रहरू | ३५८ |
| समाचारका क्लिप्स | ५ |
| श्रव्य/श्रव्य-दृश्य सामग्री | २७ |
| पावरप्वोइन्ट प्रस्तुतीकरण | १९ |
| फोटो | ९८३ |
| प्रतिवेदन र अन्य | ९१ |
| **जम्मा** | **१,८३०** |

*२०८२ माघ १ देखि २०८३ असार ३२ सम्मको अवधिमा सार्वजनिक नीति स्रोतकेन्द्रले सङ्ग्रह गरेको स्रोत सामग्रीहरूको विवरण*

### विज्ञहरूको सूचीमा सूचीकृत हुन अनुरोध

नीति अनुसन्धान गर्ने कार्यदिश कार्यान्वयन गर्ने प्रयोजनको लागि नीति अनुसन्धान प्रतिष्ठानको विज्ञसूची निरन्तर अद्यावधिक भइरहेकाले नीति अनुसन्धानका कुनै पनि क्षेत्रमा विद्वत्ता भएका इच्छुक विज्ञहरूलाई यस विज्ञसूचीमा सूचीकृत हुन अनुरोध गरिन्छ। प्रतिष्ठानले सूचीकृत विज्ञहरूको विज्ञताको क्षेत्र र प्रतिष्ठानको आवश्यकताको आधारमा उहाँहरूको विज्ञ सेवा लिँदै आएको छ। साथै, नेपाल सरकारका मन्त्रालय तथा निकायहरूले यो विज्ञ सूची माग गरेमा उपलब्ध पनि गराइन्छ। यससम्बन्धी थप जानकारी roster@pri.gov.np मा सम्पर्क गरी वा प्रतिष्ठानको वेबसाइट www.pri.gov.np बाट प्राप्त गर्न सकिन्छ।

नीअप्र बुलेटिन

सङ्कलन, अनुवाद तथा सम्पादनः दिपेन्द्र प्रसाद पन्त | सुसन तामाङ
तस्बिरः मणिश चन्द्र राई
ग्राफिक डिजाइनः सुविन उलक